पुन मगरहरुको संस्कार र चाडपर्वमा निरन्तरता र परिवर्तनः लेखनाथ नगरपालिका वडा नं. १२ ढुङ्गेपाटनका पुन मगरको एक अध्ययन

समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत गरिएको शोधपत्रको प्रस्तावना


प्रस्तुतकर्ता

सविता अधिकारी

रोल नं.:२७४

त्रि.वि.दर्ता नं. : ६-२-२२-६१७-२००७

समाजशास्त्र केन्द्रिय विभाग किर्तिपूर

त्रिभुवनविश्वविद्यालय


२०७३

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**किर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय समाजशास्त्र/ मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नका निमित्त **सुश्री सबिता अधिकारी**द्वारा तयार पारिएको शोधपत्र **पुन मगरहरुको संस्कार र चाडपर्वमा निरन्तरता र परिवर्तन : लेखनाथ नगरपालिका वडा नं. १२ ढुङ्गेपाटनका पुन मगरमा आधारित अध्ययन** मेरो निर्देशनमा र सुपरिवेक्षणमा तयार पारिएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

.....................................
डा.कृष्ण भट्टचन
(शोध निर्देशक)
**समाजशास्त्र केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**किर्तिपुर, काठमाडौं ।**

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**किर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नका निमित्त **सबिता अधिकारी**लाई **पुन मगरहरुको संस्कार र चाडपर्वमा निरन्तरता र परिवर्तन : लेखनाथ नगरपालिकाका वडा नं. १२ ढुङ्गेपाटनका पुन मगरहरुमा आधारित अध्ययन** विषयक शोधपत्र समाजशास्त्र विषयको स्वीकृति प्रदान गरिएको छ।

शोधपत्र मूल्याङ्कन समिति          हस्ताक्षर

शोध  निर्देशक
..............................
उप प्रा.डा.कृष्ण भट्टचन

बाह्य परिक्षक
..........................
सह प्रा.प्रेम चलाउने

विभागिय प्रमुख
.............................
प्रा.डा. तुलसी राम पाण्डे

## कृतज्ञता ज्ञापन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, समाजशास्त्र/मानवशास्त्र विभाग त्रिभुवन विश्वविद्यालयका शिक्षण सहायक श्री कृष्ण भट्टचन ज्यूको निरन्तर अनुगमन,सल्लाह,हौसला र प्रोत्साहनको परिमाण हो । यदि उहाँको मूल्यवान् सुझाव मार्ग निर्देशन र नियमित हौसला एवं प्रोत्साहन नभएको भए यो शोधपत्र यस रुपमा आउन सक्ने थिएन । उहाँप्रति म आभारी छु र उहाँको सहयोगप्रति ऋणी छु । साथै यस शोध कार्यको क्रममा ले.न.पा. १२ ढुङ्गेपाटनका पुन मगर समाजका अध्यक्ष झमबहादुर पुन, पूर्व शिक्षक लालबहादुर पुनज्यू तथा ढुङ्गेपाटनका उत्तरदाता तथा जानकार व्यक्तिहरुलाई पनि धन्यवाद दिन चाहन्छु त्यसैगरी अध्ययन स्थलका सम्पूर्ण पुन मगर दाजुभाई दिदिबहिनीहरुप्रति पनि आभारी छु । यस शोधपत्रका लागि समय समयमा सुझाव दिनुहुने मेरा बुवा आमा  दाजु र मेरो जीवनसाथीलाई पनि धन्यवाद दिन चाहन्छु । साथै अनुसन्धानको समग्र कार्यलाई लिपिबद्ध गर्न आवश्यक कम्प्युटर छपाइ कार्यमा कुशलतापूर्वक सहयोग गर्ने पब्लिक लिङ् साइभर क्याफे एण्ड फोटोकपी प्रा.लि.का प्रोपाइटर दाजु हरिकृष्ण पौडेललाई पनि धन्यवाद दिन चाहन्छु ।

......................

सबिता अधिकारी

## विषयसूचि


| | |
|---|---|
| **अध्याय एक : परिचय** | **१-३** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | २ |
| १.३ अध्ययनको उद्देश्य | २ |
| १.४ अध्ययनको महत्व | ३ |
| १.५ अध्ययनको संगठन | ३ |
| **अध्याय दुई : पूर्वकार्यको समिक्षा** | **५-१२** |
| २.१ साहित्यको पुनःअवलोकन | ५ |
| २.१.१. मगर जातिको उत्पत्ति | १० |
| **अध्याय तीन : अनुसन्धान विधि** | **१३-१६** |
| ३.१ अनुसन्धानको ढाँचा | १३ |
| ३.२ अनुसन्धान क्षेत्रको परिचय | १३ |
| ३.३ नमुना संकलन विधि | १३ |
| ३.४ तथ्यांकको स्रोत | १४ |
| ३.४.१ प्रााथमिक स्रोत | १४ |
| ३.४.१.१ अवलोकन | १४ |
| ३.४.१.२ प्रश्नावली | १४ |
| ३.४.१.३ जानकार व्यक्तिसँगको छलफल | १५ |
| ३.४.२ द्धितिय स्रोत | १५ |
| ३.४.३ तथ्यांकको विश्लेषण र प्रस्तुति | १५ |
| ३.५ सोधपत्र तयार गर्दा तथ्यांक संकलनको क्रममा परेका समस्याहरु | १५ |
| **अध्याय चार : अध्ययन क्षेत्र र मगर जातिको परिचय** | **१७-३३** |
| ४.१ मगरजातिको परिचय | १७ |

| | |
|---|---|
| ४.२ कास्की जिल्लाको सामान्य भौगोलिक अवस्था | १८ |
| ४.२.१ शिक्षा | १८ |
| ४.२.२ उत्तरदाताको उमेरगत विवरण | २१ |
| ४.२.३ आर्थिक पक्ष | २२ |
| ४.२.४ जनसंख्या अवस्था वितरण | २२ |
| ४.३ भाषा | २२ |
| ४.३.१ पुन मगरहरुको भाषा | २२ |
| ४.४धर्म | २४ |
| ४.५ पेशा | २४ |
| ४.६पुन मगरहरुको प्रारम्भिक संस्कारहरु | २५ |
| ४.६.१ मुख्य थलामा गर्ने ग्राम संस्कारहरु | २५ |
| ४.६.२ खयर बराहको पूजा | २५ |
| ४.६.३ प्यारी बहिनीको पूजा | २६ |
| ४.६.४ वायु पूजा | २६ |
| ४.६.५ ओली बस्ने | २६ |
| ४.६.६ चौतारी पोखरीको पूजा | २७ |
| ४.७ चाडपर्व | २८ |
| ४.७.१ माघे संक्रान्ति | २८ |
| ४.७.२ कुल पूजा | २८ |
| ४.७.३ जाँड राख्ने | २९ |
| ४.७.४ थान बनाउने | २९ |
| ४.७.५ करपाके बाबालाई घरमा ल्याउने | ३० |
| ४.७.६ पूजाको कार्यक्रम | ३० |
| ४.७.७ कान्छा कुललाई पाठाको पूजा | ३० |
| ४.७.८ पूजाका सामाग्रीहरु | ३० |
| ४.७.९ पुख्यौली चाड (भूमेपूजा) | ३१ |
| ४.७.१० झाँक्रिले ओखान वखान | ३२ |
| ४.७.११ थान उठाउने | ३२ |

४.१२ ढुङ्गेपाटनकका मगरहरुको आफ्नो संस्कृतिप्रतिको वर्तमान अवस्था ३३

**अध्याय : पाँच** **३४-४६**

५.१ पुन मगरको जन्मदेखि मृत्युसम्मका संस्कारहरु ३७

५.२ छैठौ ३७

५.३ न्वारन ३७

५.४ फूटभरा ३८

५.५ भात खुवाइ ३९

५.६ छेवार पास ३९

५.७ छोरीलाई गुन्युचोलो दिने कार्यक्रम ३९

५.८ विवाह ३९

५.९ पारपाचुके ४१

५.१० चौरासी पूजा ४२

५.११ वैतरणी पूजा ४२

५.१२ मृत्यु ४२

५.१३ पुन मगरहरुको संस्कार र चाडपर्वमा निरन्तरता र परिवर्तन ४४

५.१४ नेपाल पुन मगर समाजको ऐतिहासिक प्रथम साधारण सभा ४६

**अध्याय : छ** **४७-४९**

पुन मगर जातिको पुख्यौली संस्कार लोप हुनबाट जोगाउने उपायहरु

**अध्याय : सात** **५०-५३**

सारांश,निष्कर्ष

७.१ सारांश ५०

७.२ निष्कर्ष ५३

**सन्दर्भ सामाग्री**

**प्रश्नावली अनुसुची**

## तालिका सूची

तालिका नं. ४.१ : विकास क्षेत्रका आधारमा मगरहरुको जनसंख्या विवरण

तालिका नं. ४.२ : अध्ययन क्षेत्रको शैक्षिक अवस्था

तालिका नं. ४.३ : लेखनाथ नगरपालिकाको वडागत जनसंख्याको स्थिति

तालिका नं. ४.४ : उत्तरदाताको उमेरगत विवरण

तालिका नं. ४.५ : पुन मगरहरुको चलन चल्तीमा आउने शब्दहरुको संकलित खाम शब्दहरुको विवरण

तालिका नं. ४.६ : उत्तरदाताको धार्मिक विवरण

तालिका नं. ४.७ : उत्तरदाताको संस्कारसम्बन्धी धारणा

तालिका नं. ५.१ : मगर समुदायमा न्वारन गर्दा पुरेत राख्ने प्रचलन

तालिका नं. ५.२ : उत्तरदाताको विवाहको प्रकार

तालिका नं. ५.३ : उत्तरदाताले मृत्युसम्बन्धी गर्ने संस्कारहरु

तालिका नं. ५.४ : पुराना संस्कार अपनाउने र नअपनाउने उत्तरदाताको विवरण

**अध्याय एक**

**परिचय**

## १.१ पृष्ठभूमि

नेपाल भौगोलिक दृष्टिकोणले सानो मुलुक हो । यहाँ जातजाति, भाषिक, धार्मिक र सांस्कृतिक अनेकता रहे पनि भावना, विचार र सद्भावना एकता रहेको पाइन्छ । यसरी नेपालमा कसरी विविध जात समुदायहरुको बसोबास र आगमन भयो भन्ने सन्दर्भमा विभिन्न इतिहासविद् तथा मानवशास्त्रीहरुले आ -आफ्ना खोज अनुसन्धान र तर्कहरु पेश गरेको पाइन्छ । यसै क्रममा विभिन्न जातजाति र समुदायहरु प्राचीनकालदेखि नै विभिन्न स्थानहरुबाट नेपाल आई बसोबास गरेको तथ्यहरु पाइन्छन् ।जस्तै इस्वी सन् १० औं शताब्दितिर भारतमा मुसलमानहरुले आक्रमणबाट ज्यान वचाउनका लागि शरणार्थीको रुपमा केही हिन्दूहरु नेपाल प्रवेश गरेका हुन् ।

नेपालमा अनेकौ जातजाति समुदायहरु छन् र उनीहरुले बोल्ने भाषाभाषिका र संस्कृतिहरु फरक - फरक रहेको पाइन्छ । यहाँ रहेका विभिन्न समुदायहरु विभिन्न ठाउँमा छरिएर रहेका छन् जस्तै : नेपालको उत्तरतर्फ हिमाली क्षेत्रमा भोटे, तामाङ, शेर्पा समुदायको बसोबास छ । त्यस्तै महाभारत शृङ्खला वा मध्य पहाडी क्षेत्रमा मगर, गुरुङ,किरात, नेवार र सुनुवारहरुको बस्ती रहेको छ भने भित्री मधेश तथा दक्षिणतिर तराई क्षेत्रमा धिमाल, थारु, कोचे, दनुवार, यादव, राजवंशी, सतार, मैथिली, मारवाडी, मुसहर, अग्रवाल र कुशवार आदि रहेका छन्  । यी बाहेक ब्राम्हण, क्षेत्री, ठकुरी र जैसीहरु भने नेपालको प्रायः सबै स्थानमा बसोबास गरेको पाइन्छ ।

सबै समुदायहरुमध्ये मगर समुदायहरु पनि अधिराज्यको विभिन्न भागमा छरिएर बसेका छन् । अधिकांश मगरहरु लुम्बिनी, धौलागिरी र गण्डकी अञ्चलमा धेरै वर्ष अगाडिदेखि नै बसोबास गर्दै आएको पाइन्छ । हुन त मगरहरुले आफू र आफ्नो वंशहरुको गतिशिलताका लागि आफ्नो वंशलाई परम्परागत संस्कृति र संस्कार सिकाउँदै आएको पाइन्छ । वर्तमान परिस्थितिमा शिक्षा, स्वास्थ्य, सञ्चार र यातायातको विकास र परिवर्तनले गर्दा मगर समुदायहरु नेपालको धेरै ठाउँमा छरिएर रहेता पनि उनीहरुको प्रमुख थलो भनेको पश्चिम नेपालको पनि विशेष गरेर पाल्पा,तनहूँ,स्याङ्जा, म्याग्दी, प्युठान, रोल्पा, बाग्लुङ्ग, रुकुम,

अर्घाखाँची, डोल्पा र सुर्खेत जिल्लामा रहेका छन् । विभिन्न जातसमुदायले जस्तै पुन मगरहरुले पनि आफ्ना विभिन्न संस्कारहरु अबलम्बन गर्छन् ।

२०६८ सालको जनगणनाअनुसार नेपालमा मगर जातिको संख्या १८,८७,७३३ रहेको छ । संख्याको आधारमा क्षेत्री र ब्राह्मण पछि तेस्रो स्थानमा भए तापनि भाषाको आधारमा भने आठौ स्थानमा मगर जाति रहेको पाइन्छ । अर्थात जम्मा मगर जनसङख्या १८,८७,७३३ मध्ये २०६८ सालको जनगणना अनुसार ७,८८,५३० जनाले मगर भाषा लाई आफनो मातृ भाषा को रुपमा अपनाएको पाइन्छ । (तथ्यांक विभाग,२०६८)

## १.२ समस्याको कथन

नेपालका विभिन्न जातिय समुदायहरु जस्तै : पुन मगर पनि संस्कृति र संस्कारका दृष्टिकोणले एक धनी समुदाय हो । पुन मगर समुदाय आफ्नो लोक संस्कृति र संस्कारमा सम्पन्न भएतापनि उनीहरुको आफ्नो रीतिरिवाज जन्मदेखि मृत्युसम्मका संस्कारहरु चाडपर्व तथा धर्महरु बिस्तारै बिस्तारै लोप हुने अवस्थामा गएको पाइन्छ । यस्ता संस्कृतिहरु राष्ट्रको अमूल्य गहनाहरुहुन् । यिनीहरुलाई संरक्षण गर्नु आजको आवश्यकता हो । यस अध्ययनमा निम्न लिखित समस्याहरु खोजी गरी समाधान गर्ने प्रयास गरिएको छ ।

१. के पुन मगर जनसमुदायको पनि आफ्नो जातिय संस्कारहरु छन् ?

२. के पुन मगरहरुको आफ्नो विशिष्ट रीतिरिवाज छ?

३. के पुन मगर समुदायले विधिअनुसार देवीदेवताको पूजाआजा, आराधना गर्दछन्?

## १.३ अध्ययनका उद्देश्यहरु

लेखनाथ नगरपालिका १२ ढुङ्गेपाटनका पुन मगरहरुको जन्मदेखि मृत्युसम्मका संस्कार र चाडपर्वमा निरन्तरता र परिवर्तनलाई हेर्नु यस अध्ययनको उद्देश्य रहने छ भने विशिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

१. पुन मगरहरुको जन्मदेखि मृत्युसम्मका संस्कार र चाडपर्वको बारेमा जानकारी लिने।

२. पुन मगरहरुको जन्मदेखि मृत्युसम्मका संस्कार र चाडपर्वमा आएका परिवर्तनहरुको विश्लेषण गर्ने ।

३. निरन्तरता र परिवर्तनले पारेका प्रभावहरुको विश्लेषण गर्ने ।

४. पुन मगरहरुको प्रथा परम्परा कायम राख्नका लागि भएका प्रयत्नहरुको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

पुन मगरहरुको संस्कृति र संस्कारहरु उनीहरुले उपयोग गरिरहेका छन्, तिनीहरुले व्यावहारिक रुपमा आफ्नो उठबस, जन्म, मृत्यु, विवाह, चाडपर्व तथा नाचगान अनेक क्रियाकलापमा आफ्नो दिनचर्यामा दिनहुँ ग्रहण गर्दछन् भन्ने कुराहरु नै यस अध्ययनको महत्व हुनेछ । संस्कृति र संस्कारले नै समाजको अग्र गतिलाई टेवा दिन्छन् । त्यसै कारणले यसका कतिपय लुकेका संस्कार र संस्कृतिलाई अझ बाहिर ल्याउन सकियो भने त्यस समुदायको जातिय अस्तित्वलाई कायम राख्न सकिन्छ । कुनै पनि समुदायको अस्तित्व त्यस समुदायले प्रयोग गरेको संस्कृति र संस्कारहरुमा झल्किन्छ, किनभने व्यावहारिक जीवनमा संस्कृति र संस्कारले कसरी यस समुदायको आजसम्मको समयअवधिसम्म आईपुग्छ र अस्तित्व कायम राखी अगाडि बढेको छ भन्ने कुराहरु झल्किन्छ ।पुनमगरहरुले प्रयोगमा ल्याएका अनेकौं संस्कृति र संस्कारहरुको बारेमा लिपि र लिखित दस्ताबेजले झन् बलियो भई अझ यस समुदायको महत्व बढ्छ र अझ उनीहरुको रहनसहन, भाषा, कला, खानपिन, चाडपर्व, बाजागाजा तथा अनेकौं भए गरेका सांस्कृतिक र संस्कारगत तथ्यहरु बहिर ल्याउन सकियो भने व्यावहारिक तवरले उनीहरुको भित्री कुराहरु बुझ्न सकिन्छ ।

## १.५ अध्ययनको संगठन

यसको अध्ययनलाई जम्मा सात भागमा विभाजन गरिएको छ । पहिलो अध्यायमा परिचयको भाग रहको छ । त्यसभित्र पनि केही शिर्षकहरु जस्तै : अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनको संगठन रहेको छ । त्यसैगरी दोस्रो अध्यायमा साहित्य पुनरावलोकन र मगर जातिको उत्पत्ति रहेको छ । यसमा यस अध्ययनसँग सम्बन्धि विभिन्न अध्ययनहरुको पुनरावलोकन गरिएको छ । अध्याय तीनमा अध्ययन विधिको बारेमा चर्चा गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्र र मगर जातिको

परिचय  तथा पुन मगरहरुको संस्कारको बारेमा व्याख्या गरिएको छ । अध्याय पाँचमा उनीहरुको संस्कारको बारेमा व्याख्या गरिएकोछ । अध्याय छ मा अध्ययन क्षेत्रका पुन मगरहरुको  संस्कार र संस्कृति लोप हुनाका कारण र जोगाउने उपायको बारेमा व्याख्या गरिएको छ  र अध्याय सातमा सारांश र निष्कर्ष  प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# पूर्व कार्यको समिक्षा

## २.१ साहित्यको पुन :अवलोकन

नेपाल राज्यमा बसोबास गर्ने विभिन्न जनजातिहरुमध्ये पुनमगर जातिमा आफनै परम्परा, भेषभुषा, रहनसहन, भाषा र संस्कृति पाईन्छ । यदाकदा मगर संस्कृतिमा अन्य जातिको संस्कृतिको पनि मिश्रण रहेको पाईन्छ । मगरहरुको संस्कारहरुको बारेमा धेरै मानवशास्त्री तथा समाजशास्त्रीहरुले आ - आफ्नै तरिकाले विष्लेषण गरेको पाइन्छ । जसमा यहाँ केही समाजशास्त्री तथा मानवशास्त्रीहरुको भनाइ उल्लेख गरिएको छ । जसमाः

नेपालका प्राचीन र आदिबासी जातजातिमध्ये मगर जाति एक मानिएको छ । उनीहरुको आदिम स्थल मगराते नाउँले प्रचलित छ । वर्तमान पाल्पा, पर्वत, म्याग्दी, गुल्मी, प्युठान, रोल्पा, रुकुम, सल्यान, डोल्पा, अर्घाखाँची तथा पूर्वमा उदयपुर र सिन्धुली पनि मगर समुदायको बाहुल्य भएका जिल्लाहरु हुन् । आफुलाई क्षमतावान् मान्ने मगरहरु मध्य एशियाबाट नेपाल पसेका भन्ने कुरामा एक मत छ भने एक सन्तति मगर तिब्बत हुदै नेपाल पसेका हुन् भन्ने पनि विश्वास गरिन्छ । पश्चिम चीनको खामप्रदेशबाट खाम भाषीहरु पश्चिम नेपालका पहाडी जिल्ला (रोल्पा, रुकुम, डोल्पा, हुम्ला) मा बसोबास गर्न थालेको कुरा पनि जनप्रचलित छ । जसलाई खाम मगर भनिन्छ । जे होस् हंगेरिका मगयार समुदाय र नेपालका मगरहरु बीच रक्त सम्बन्धलगायत अन्य कुरामा समानता पाइने अनुसन्धानकर्ताहरुको राय देखिन्छ । (खत्री, २०५८पेज,२२९ र २३०)

आधुनिक नेपालको निर्माण गर्नमा मगरहरुको पनि ठूलो हात रहेको कुरा इतिहासले बताई आएको छ । तर पृथ्वीनारायण शाहको पालामा आधुनिक विस्तृत नेपालको जग बसाल्ने अभियान शुरु भएदेखि मगरसमुदायले आजसम्म, नेपाल एकीकरण अभियानमा साथ दिइरहेका छन् । धेरै मगरहरुलाई ठकुरी र क्षत्रीहरुले साथ दिन सजिलो परेको हो । आफ्नो उन्नति गर्न सफल भएका धेरै मगरहरु पनि खसहरुले जस्तै आफूलाई ठकुरी र क्षत्री बनाएका थिए भन्ने विश्वास मगरातका मानिसहरु अझै पनि व्यक्त गर्दछन् ।मगर भाषामा लेखिएको वंशावलीहरु पनि उनीहरुसँग नै छ भन्नेमा मानिसहरु विश्वास गर्दछन् । आज पनि धेरै मगरहरु मगर भाषामा कुरा गर्दछन् , तापनि प्रशस्त मात्रामा नेपाली भाषालाई नै

मातृभाषा मान्नेहरुको संख्या पनि दिन दिनै बढ्दै छ । भेरी नदीको माथिल्लो भागतिर बस्ने मगरहरु भोटे भाषालाई नै आफ्नो मातृभाषा मान्ने गर्छन् । प्राय : नेपाली भाषा बोल्न र बुझ्न सबैले जानेकै हुन्छन् । धेरै समयसम्म पहाडका बस्ती, पहाडी जीवनलाई सजिलो मान्दै आएको भएतापनि आजकल अरु पहाडी सरह लागेर मधेसमा पनि बसोबास गर्न थाले तापनि धेरैजसो मगरहरु आज पनि लुम्बिनी, राप्ती र धौलागिरी अञ्चलको पहाडी क्षेत्रमा नै बसेका छन् ।

नेपाल राष्ट्रको ठाउँठाउँमा उहिले चालु भएको तामा खानीहरुमा काम गर्न सबैजसो ठाउँमा मगरहरु थिए । खानीको काम, ढुङ्गा काट्ने काम र घर बनाउने कर्मी काम आदिमा सिपालु भएको हुनाले यही पेशाको आधारमा पूर्व पश्चिम सबै ठाउँमा मगरहरु छरिएका देखिन्छन् । त्यस बाहेक उहिलेको लडाइँको बेला सेनामा देखाएका बहादुरी र सेवाका लागि इनामका रुपमा पाएको जमीनहरुमा पनि बस्ती बसाएका थिए मगराँत भन्दा बाहिरका सबैजसो मगरहरुको नेपाली भाषा नै बोल्ने हुनाले उनीहरुको गणना नेपाली भाषा बोल्नेहरु नै भएको हुनुपर्छ ।(बराल, २०५६,पेज १६ र १७)

मगर जातिमा धेरैजसो मानिसहरु भारतीय र बृटिश गोर्खा फौजमा भर्ती हुनेहरुबाहेक अरु सबैका जीबिकाको सम्पूर्ण आधार खेतीपाती नै हो । खेतीमा मकै, धान, कोदो आदि र अरु दाल तिहुन हुने सिमी वोडी पनि आफ्नो खेतमा उमार्छन् । मल र दही दूधका लागि गाई भैंसी अनि मासु र ऊनको लागि भेंडा र बाखा पनि पाल्ने गर्छन् । भारतबाट सस्तो भाउमा तामाका पाताहरु झिकाउन थालेपछि नेपालका सबै तामाखानीहरु बिस्तारै बन्द हुदै गए । पहिले खानीमा काम गरी आएका धेरै मगरहरुलाई असर पारेको थियो तर क्रमश : विदेशी र नेपाली सेनामा भर्ती हुनेहरुको संख्या बढ्दै जानाले आम्दानीको बाटो कायम नै ररिहेको छ । आज पनि विदेशी र नेपाली सेनामा भर्ती हुनेको संख्या जाड्ने हो भने अरु सबै जातको भन्दा मगरहरुको संख्या धेरै बढी हुन्छ । कुनै पनि मगर गाउँका उमेर पुगेका अधिकांश समर्थवान् केटाहरु सैनिक सेवामा रहेका र उमेर नाघेकाहरु पेन्सन पकाएर फर्केका हुन्छन् । आधुनिक युगको नेपालका प्रशस्त रचनात्मक काममा लागेकाा युवाशक्ति आज विदेशको सेवामा लागेका छन् । नेपाली र विदेशी फौजमा धेरै मगरहरु माथिल्ला दर्जाका अफिसर हुन पुगेका हुनाले उनीहरु अनुशासन र बहादुरीमा बेजोड छन् भन्ने पनि साबित भएको छ ।

मगरहरका थरहरु धेरै हुन्छन् । एउटा थरभित्रका मानिस सबै दाजुभाइ हुन भन्ने विश्वास लिइन्छ । कुनैकुनै थरभित्र धेरै खलक हुन्छन् । तिनको पनि अलग अलग नाउँ हुनछ । केही मगरथर यस्ता छन् - आले, आग्री, बेङलासी, बुढाथोकी, एसमाली घर्ती, थाप्पु, पुन, राना, गरुङचन, भुरुङचन, भास्की, खोली, हिस्की, रखाल, सिदारी, थुमासिङ आदि ।

मगरहरुको विवाह आफ्नो समुदायभित्र हुन्छ । केही मगर केटीलाई बाहुन क्षत्रीले पनि लगेको पाइन्छ , तापनि मगर केटाहरुले अरु जातका केटीहरु विवाह गरी ल्याउँदैनन् । पुरानो व्यवस्थाको ऐनले बाहुन वा क्षत्रीका छोरी मगरले स्वास्नी तुल्याई लैजानमा प्रतिबन्ध लगाएको थियो तर मगरका छोरी , स्वास्नी बाहुन क्षत्रीले लैजान रोक तोक थिएन । आजको मुलुकी ऐनले जातको दृष्टिमा सबै जात बराबर मानिसकेको भएता पनि गाँउ घरको परम्परावादी समाजले पुरानो चलनलाई त्यति चाँडो बदलिहाल्न सक्दैन जुन विस्तार विस्तार बदलिइँदै गएको छ ।

मगर जातिमा मामा चेली र फुपु चेलामा वैवाहिक सम्बन्ध प्रचलित रहेको पाईन्छ भने मामा चेला र फुपु चेलीमा वैवाहिक पनि । मगर जातिमा  विवाह गर्ने प्रचलन रहेको छ । तर खास गरी आफ्नो गोत्र बाहेक मगर समुदायभित्र जोसुकै केटा र केटीको विवाह हुने गर्छ । यिनीहरुको विवाहमा बाहुन पुरोहितद्धारा वैदिक विधिविधानबाट नै विवाह सम्पन्न गरिने हुनाले क्षत्रीको र मगरको विवाहको विधिमा खासै फरक पाउन सकिदैन र त्यसैले उनीहरु विवाह गर्दा उमेर पुगेको केटा र केटी बीच गर्दछन् । आफूलाई मन परेको केटालाई केही मात्रामा मनपेट दिइसकेकी वा निकै नै हिमचिम बढाई सकेकी १६, १७ वा १८ वर्ष पुगिसकेकी केटीलाई झुक्याएर बलजफस्ती समातेर घिच्चाउँदै लगेर विवाह गर्ने चलनलाई केटी छोप्ने भन्ने गर्छन् ।

विवाह भइसकेको केही महिनापछि केटा र केटी दुवै मिलेर केटीको बाबुआमाकहाँ सगुनका रुपमा रोटी, दही र रक्सी लिएर जान्छन् । त्यसैबेला काख छुटाउने भनेर बावुलाई दाम, रुपियाँ तिर्ने चलन पनि छ । काका, मामा, माइजू आदि सबैको दस्तुर पनि बावुलाई बुझाउनु पर्छ । यो सबै सकिएपछि पाइलो फुकाउने भनेर विवाहसम्बन्धी आखिरी विधि पुर्‍याउने केटीको माइतीमा जानुपर्छ यसै बेला धेरै बावु आमाले आफ्नो छोरीलाई गर्दुवा र दाइजोको रुपमा भाँडावर्तन लुगा गहना गाई बाख्रा पनि दिएर पठाउँछन् । विधुवा भएर लोग्नेसँग झगडा भएर वा लोग्ने विदेश गएर एक्लो परेका आईमाईले दोस्रो पोई खोजेर

जाने चलन नेपाल अधिराज्यभरी जतासुकै भएजस्तै मगरहरुमा पनि छ । अलि सम्पन्न बाहुन क्षत्री र माथिल्लो जातका मानिने त्यस्तै सम्पन्न हिन्दू नेवारहरुमा मात्र पहिलो पोइपछि दोस्रो पोइ लिने आइमाइप्रति केही आलोचनाको दृष्टिले हेर्ने चलन बसेको थियो ।

आज यो वर्गमा पनि आधुनिकताको नाममा यो चलन भत्कदै गएको देखिन्छ । विवाहको चलनबाहेक अरु रीतिरिवाज चाडपर्व पूजा आजामा पनि धेरैजसो बाहुन क्षत्रीले जस्तै गर्ने गर्छन् । बाहुन पुरोहित नराख्ने अलि कुना काप्चामा बस्नेहरुले भने केही फरक चलन अपनाएका छन् । साधारणतया जुठो, सूतक बार्ने, देवी देवताको पूज गर्ने, दान धर्म गर्ने सबै काममा आसपासमा बस्ने क्षत्रीहरुकै जस्तो उनीहरुको पनि चलन हुन्छ । (विष्ट, २०३० पेज, ६४ र ६५)

खाम भाषा वोल्ने मगरहरु जनसमुदाय समुहमा पर्दछन् । यिनीहरु रुकुम, रोल्पा र बाग्लुङ्गको पश्चिम क्षेत्र सानी भेरी, उत्तरगङ्गामा बसोवास गर्दछन् । खाम भाषा तिब्बती बर्मेली परिवारको भाषा हो, यहाँको भाषा संस्कृतिको आफ्नै पहिचान छ । किनकि यिनीहरुको भाषा र संस्कृति पाल्पा र गण्डकी क्षेत्रमा बसोबास गर्ने मगरहरुको भन्दा फरक रहेको छ । यहाँका खाम मगरहरु पाँच गोत्र तथा थरमा विभाजित छन् ती हुन् बुढा, रोका, घर्ती, पुन, झाक्री यी थरहरु पनि विभिन्न उपसमुहमा विभाजित भएको पाइन्छ । स्थानीय तहमा नै विभिन्न उपसमुहमा विभाजित भएको भएको पाइन्छ । स्थानीय तहमा नै विभिन्न उपसमूहका वीचमा विवाहवारी चल्दछ । मामाचेली फुपूचेली वैवाहिक प्रणालीलाई खाम मगरहरुको अवलम्बन गरेका छन् । केहीमात्रामा बहुपत्नी विवाह गर्ने पनि प्रचलन रहेको पाइन्छ । विवाह गरेको केही समयपछि खाम मगर परिवारको जेठो छोरो छुटिन्छ भने बाबा आमालाई कान्छो छोराले हेरविचार गर्दछ । छुट्टिँदा चल अचल सम्पति छोराहरु वीचमावरावर हुने गरी बाँडिन्छ ।  खाम मगरहरुको जीवनयापन अर्थव्यवस्थामा आधारित छ । कृषिको साथसाथै पशुपालन व्यवसायलाई पनि उनीहरुले अवलम्बन गरेको पाइन्छ ।( विष्ट, १९६९ पेज, १०४)

मगरहरु सुरुमा कहाँबाट आएका थिए भन्ने प्रश्न भने राम्ररी सुल्झिसकेको देखिन्छ तापनि हाल यिनीहरुको बसोबास मुख्यतया पाल्पा, प्युठान, रोल्पा, डोल्पा, रुकुम, म्याग्दी, बाग्लुङ्ग, पर्वत आदि जिल्लामा र नेपालको पूर्वी भागका जिल्लाका उदयपुर र सिन्धुली जिल्लाहरुमा पनि भएको पाइन्छ । नेपालभर र पवासमा पनि यिनीहरु यत्रतत्र छरिएर बसेका भेटिन्छन् ।

धेरैवर्ष अघि पाल्पा जिल्ला विशाल मगरातको एक मुख्य थलो थियो । यहा मगरहरुको ठूलो बस्ती भएको कुरा हामिल्टनले पनि आफ्नो एक पुस्तक " एन एकाउन्ट अफ द किङ्डम अफ नेपालमा" लेखेको पाइन्छ । उनको भनाइअनुसार यस क्षेत्रमा सेनहरुको प्रभुत्व हुने अगाडि यहाका हर्तकर्ता मगरहरु नै थिए । त्यसबेला यहा मगरहरु सबैभन्दा ठूलो संख्यामा रहेता पनि सेनवंशको अन्त्य भएपछि अरु जनजातिहरुको तुलनामा यिनीहरुको संख्या तेस्रो स्थानमा पर्न आएको कुरा बताइन्छ । यस दृष्टिकोणले पनि पाल्पा जिल्लालाई मगरहरुको मुख्य थलो मान्नु त्यति अनुपयुक्त हुने छैन ।

मगरहरुको परम्परागत घर, ढुङ्गा, माटाले बनेको , भित्र भित्र वाहिर गोवर माटोका लिउन लगाएको र खरले छाएको हुन्छ । भुँइतलामा अगेना चुलो राखिएको एउटा कुनामा घरका देवताहरु राखी पूजा गर्ने गरेको पाइन्छ । माथिल्लो तलामा अन्नपात राखिन्छ । कुनैकुनै घरमा बार्तली निकालिएको पनि पाइन्छ ।

आमाबाबुले छोराछोरीहरुको विवाहको व्यवस्था मिलाइदिएको खण्डमा विवाहको कुरा मिलेपछि दुलाहाले दुलहीको घरमा रक्सी र गहनासहितको केही उपहार लिएर जानुपर्छ । सो उपहार दुलही पट्टिका बूढापाकाले स्वीकार गरेपछि बिहे पक्का भएको मानिन्छ र कुनै कारण यो विधिपछि विवाह नहुने भयो भने दुलहीको तर्फबाट हर्जना तिरेको पनि पाइन्छ ।

परम्परागत विवाह सम्पन्न गर्दा कतिपय विधिहरु पुर्‍याउनु पर्दछ । पहिलो कुरा दुलाहाको घर सँघारमा एउटा कुखुरा काटिन्छ र त्यसको रगतमा कुल्चेर दुलही र दुलाहा घरभित्र पस्दछन् । यसो गर्नाले भुतप्रेत पन्छिन्छन् भन्ने विश्वास गरिन्छ ।( शर्मा, २०६९ पेज २४)

मगरहरुको मूल स्थल राप्ती र मर्स्याङ्दी नदीको वीचको मध्ये पहाडी भाग हो भन्ने उल्लेख रहेको पनि पाइन्छ । यस प्रदेशमा पनि मगरहरुको वासस्थानलाई वाह्र मगरात भनिन्छ । यी बाह्र मगरातहरु भीरकोट, ढोर, रिसिङ्ग, घिरिङ्ग, गुल्मी, अर्घाखाँची, मुसीकोटमा पर्दछन् । त्यस्तै मगरहरु पहिलेदेखि नै बुटवल र पाल्पाको आसपासको तल्लो पहाडी भागमा र तराई प्रदेशतिर बसोबास गरेको पाइन्छ । नेपालमा राजपूतहरुको प्रवेशपछि उनीहरुको हातमा सुम्पेर मगरहरु पश्चिम फैलिएको हुनुपर्छ भन्ने तर्फ पेश गरेको पाइन्छ । वास्तवमा भन्ने हो भने पाल्पा र पाल्पाको आसपासका जिल्लाहरुमा नै मगरहरुको बढी बसोबास भएको पाइन्छ । पाल्पाको तल्लो पहाडी भागमा ऐतिहासिक कालदेखि नै मगरहरु बसोबास गरी आएका

छन् तर तराई भागमा औलोको प्रकोपले र मगरहरु धेरैजसो पहाडी भागमा वस्न मन पराउने हुनाले शुरुमा मगरहरुको बसोबास तराईमा थियो भन्ने त्यति तर्कयुक्त लाग्दैन । जति पनि तराईमा मगरहरु छन्, तिनीहरु पछिमात्र बसाँइ सरेर गएका हुन् । हुन त भारत र नेपालको सिमाना नजिकैको केही गाउँहरुमा मगरहरुको बसोबास भएको पनि अद्यपि पाइन्छ तापनि उनीहरु या त विश्वयुद्धकालमा सैनिकमा भर्ना भएर पछि त्यतै बस्ती वसालेको हुनुपर्छ । या त उनीहरु सुगौलीसन्धि भन्दा अगाडिको नेपाल छँदादेखि नै बसोबास गरी आएको हुनुपर्दछ अर्थात् भारतमा पनि मगरहरु नेपालबाट गएर बसोबास गरेको हुनुपर्छ ।( थापा २०१९ पेज, ७ र ८)

## २.१.१ नेपालमा मगरसमुदायको उत्पत्ति

मगरहरु नेपालमा आदिवासीहरु मध्ये एक हुन् भन्नमा कसैको पनि दुईमत हुदैन होला । मगर समुदायको उत्पत्ति, नामकरण र विकास क्रमका सम्बन्धमा आजसम्म लेखिएका र उपलब्ध भएका साहित्यहरुको सर्वेक्षण गरेका विभिन्न विद्धानहरुले विभिन्न किसिमका तर्कहरु दिएका छन् । उनीहरुको आगमन कहिले कहाँबाट भएको हो ? सबैभन्दा पहिलो नेपालमा कुन ठाँउमा पहिले यिनीहरुको बसोबास भएको हो, यस कुराको निदान आजसम्म कसैले पनि गरेको पाइँदैन । यस सम्बन्धमा विभिन्न विद्धानहरुले दिएका तर्कहरु निम्न प्रकार छन् ।

मगर जातिको उत्पत्ति थलो तिब्बत नै मानिन्छ । उत्तर चीनबाट हुणको साथमा हेप्ताल जाति आएका थिए । जसले पछि हिन्दू धर्म ग्रहण गरी स-साना राज्यहरु खडा गरेर बस्न थाले । कालान्तरमा यी हेप्ताल जाति मगर भएका हुन भन्ने कुरा थाहा पाइन्छ ।(आचार्य, २०५७ पेज,५६)

नेपालमा मगरहरु पाँच समूहगरी प्रवेश गरेका थिए । पहिलो समूह पश्चिम भेकबाट आएका मुनाङ्वाका सन्तानहरु नै सर्वप्रथम २३०० ई.पू. तिर नेपालमा प्रवेश गरेका थिए । दोस्रो समूह आसामबाट, तेस्रो समूह उत्तरी भेकबाट, चौथो समूह सिक्किमबाट र पाँचौ समूह दक्षिण भेकबाट नेपालमा प्रवेश गरेका हुन् भन्ने भनाई पनि पाइन्छ । सिक्किमका लाप्चा जातिको भाषा र नेपालका मगर जातिको बोल्ने भाषालाई तुलना गर्दा मगर जातिको

उत्पत्ति पूर्वी नेपालमा भएको हो कि भन्ने अनुमान गरेको पाइन्छ । (बराल मगर २०६८ पेज,६४)

नेपाल राष्ट्रलाई भूगोलका ज्ञाताहरुले तीन भागमा गरेका छन् : कोशी, गण्डकी र कर्णाली प्रदेश । यी तीन प्रदेशलाई किराँत, मगरात र खशान्त पनि भन्ने गर्दछन् । सुरुसुरुमा गण्डकी प्रदेशमा आएका सबै समुदायहरु मगर समुदायमा समावेश भएका थिए भन्ने भनाइ छ । वास्तवमा भन्ने हो भने किराँत प्रदेशमा आउनेहरु पनि किराँतहरुको परिवेशिय प्रभावले आफूलाई किराँती स्वीकार वस्न सकछन् । त्यस्तै मगरात प्रदेशमा पनि मगरहरुको परिवेशिय कारण्नले गर्दा यस्ता न्यून संख्यामा बसोबास गरेका अन्य समुदायहरु पनि आफूलाई मगरको रुपमा स्वीकारेनन्, होला भन्न सकिदैन । प्रो . वालकृष्ण पोखरेलको कथनअनुसार किराँत प्रदेशमा बसोबास गर्ने समुदायलाई किराँती भनिन्थ्यो भने मगरात प्रदेशमा बसोबास गर्ने समुदायलाई मगराती भनिन्थ्यो । नेपालमा मगरहरु पाँच समूह गरी प्रवेश गरेका थिए । पहिलो समूह पश्चिम भेकबाट आएका मुनाङ्वाका सन्तानहरु सर्वप्रथम २३०० इ.पू. तिर नेपालमा प्रवेश गरेका थिए । दोस्रो समूह आछामबाट, तेस्रो समूह उत्तरी भेकबाट, चौथो समूह सिक्किमबाट र पाँचौ समूह दक्षिण भेकबाट नेपालमा प्रवेश गरेका हुन भन्ने भनाइ पनि पाइन्छ । यस तथ्यलाई पुष्टि गर्ने केही तर्कहरु र ऐतिहासिक प्रमाणहरु पनि दिइएको पाइनछ ।(बराल, २०५६ पेज १६ र १७)

मगर समुदायको उत्पत्ति हाल चीनको सिम भन्ने स्थानबाट भएको हो भनेर किराँत संस्कृतिक विशेषज्ञ श्री इमानसिंङ चेमजोङ्ले लेख्नुभएको छ । यिनीहरु त्यस ठाउँबाट सिङ र चिर्तु भन्ने दुई मगरहरुको नेतृत्वमा सर्वप्रथम नेपालको थापा भन्ने गर्दथे । स्थानीय भाषामा उत्तरबाट आएका व्यक्तिहरुलाई तानसाङ भन्ने गर्दथे र तानसाङको अर्थ उत्तरबाट आएको भन्ने हुन्छ । तानसाङ शब्दलाई दुईशब्दमा विच्छेद गर्न सकिन्छ तानस + आङ् यी दुई शब्दको अर्थ क्रमश : उत्तर र मा हुन्छ । त्यसैले उत्तरबाट आएको मानिसलाई मगर भाषामा तानसाङ भनिन पनि सक्छ तर मगरहरु उत्तरबाट अर्थात् चीनको सिा भन्ने ठाउँमा नेपालमा प्रवेश गरेका हुन् भन्ने तर्कहरुलाई प्रमाणित गर्न सर्वप्रथम चीनमा सिम भन्ने ठाउँ कहाँ छ ? त्यसपछि त्यस ठाउँबाट मानिसहरुको बसाइ सराइको प्रवाह कता छ ? त्यस ठाउँमा मगरहरुको आजसम्म बस्ती छ छैन ? यदि छैन भने त्यस ठाउँमा केही ऐतिहासिक तथ्यहरु छन् कि छैनन् भन्ने कुराको गहन अध्ययन गर्नुपर्दछ र गहन अध्ययन बिना मगरहरु

उत्तरबाट नेपालमा प्रवेश गरेका हुन भन्ने मुस्ताङ घाँटीका मगर गण्डकी प्रदेशमा बसोबास गरेको हुनसक्छ । कसै कसैले हामी मुस्ताङबाट आएका हौ, हाम्रा पुर्खाहरु मुस्ताङबाट प्रवेश गरेका हुन् र मगरहरुको घना बस्ती हिमाली क्षेत्रमा हुनु पर्ने हो भन्ने तर्क पनि यहाँ निकाल्न सकिन्छ । अर्कोतिर मगरहरु उत्तरबाट आएका हुन् भन्ने तर्क पनि यहाँ निकाल्न सकिन्छ । अर्कोतिर मगरहरु उत्तरबाट आएका हुन् भन्ने तर्कलाई पुष्टि गर्न अठार मगराँती भाषामध्ये खामभाषा तिब्बती परिवार अन्तर्गत पर्दछ । मगरहरु चीनको खामबाट नेपालमा आएका हुनाले र त्यस प्राप्तमा वोलिने भाषासँग मिल्दोजुल्दो भएकाले यसलाई खाम भाषा भनिएको भन्ने तर्क पनि केही मगरहरुले नै गर्दछन् । राप्ती, धौलागिरी अञ्चलका अधिकांश मगरहरु यो खाम भाषा बोल्ने गर्दछन् । उनीहरुले यसलाई मगर भाषा नै भन्ने गर्दछन् । यसरी सुदूर पश्चिमाञ्चल र उत्तरी भागमा बस्ने मगरहरुको भाषा र रहनसहनलाई नियाल्दा मगरहरु चीनबाट आएका हुन् भन्ने तर्कलाई स्वीकार गर्न नसकिने देखिन्छ । (बराल, २०५६, पेज ७ र ८)

# अध्याय तीन

## अनुसन्धान विधि

कुनै पनि शोध अनुसन्धान गर्दा आफ्नै किसिमका प्रक्रिया हुन्छन् । यसै क्रममा यस अध्यायमा अनुसन्धान विधिअन्तर्गत अध्ययन क्षेत्रको छनोट, र नमूना छनौट ढाँचा तथ्यांक सङ्कलन विधि र अध्ययनको सिमा रहेका छन् ।

### ३.१ अनुसन्धानको ढाँचा

यो अध्ययन विवरणात्मक र विश्लेषणात्मक ढाँचामा गरिएको छ । विवरणात्मक शोध कार्य यस अर्थमा कि यस अध्ययनले मगर समुदायको उत्पत्ति र संस्कारहरुको विगत र वर्तमान अवस्थाका बारेमा अध्ययन गर्दछ ।  साथै यो शोध कार्य मगर समुदायका प्रचलित संस्कार र चाडपर्वमा नयाँ पिँढिहरुका संस्कृतिको परिवर्तन र निरन्तरतासँग सम्बन्धित भएकाले यस कार्यलाई विश्लेषणात्मक अध्ययनमा रहेर तयार पारिएको छ ।

### ३.२ अनुसन्धान क्षेत्रको परिचय

लेखनाथ नगरपालिका वडा नं. १२ ढुङ्गेपाटन क्षेत्रलाई अध्ययनको मुख्य थलो बनाएर यहाँ रहेका मगर समुदायहरु र यिनीहरुले मनाउने संस्कार र चाडपर्वको अध्ययन गर्नु रहेको छ । यस क्षेत्रमा गरिएको अध्ययनले मैले राखेका अध्ययनको उद्देश्यलाई पूरा हुन सक्ने आशा लिएकी छु ।

### ३.३ नमूना संकलन विधि

यस वडा. नं. १२ ढुङ्गेपाटनमा  बसोबास गर्ने कुल १५० घरधुरी पुन मगरहरुको रहेको छ जसमध्ये गोला प्रकृयाबाट ५० घरधुरीलाई नमुनाको रुपमा मात्रअध्ययनमा छनौट गरिएको छ । अध्ययन गर्दा सबैको घरघरमा गएर घरमुलीको नाम संकलन गरियो र तथ्यांक संकलन गर्दा जानकारी व्यक्ति बुढापाकाहरुको सुचनालाई आधार बनाइएको छ ।

### ३.४ तथ्यांकको स्रोत

यस अध्ययनको शिलशिलामा तथ्यांक संकलनका लागि दुई प्रकारका स्रोत उपयोग गरिएको छ जसमा प्राथमिक स्रोत र द्धितिय स्रोतबाट लिइएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्तले अनुसन्धान गर्दा वास्तविक तथ्यांक एवम् जानकारी प्राप्त गर्न प्रत्यक्ष अवलोकन, प्रश्नावली विधिबाट लिइएका तथ्यांकहरु, जानकारीहरु प्राथमिक स्रोतको रुपमा लिइएको छ । जसका लागि साक्षात्कार विधि अपनाइएको छ । यी सबै तथ्यांकहरु स्थलगत घरधुरी अध्ययनबाट प्रश्नावलीमार्फत लिइएको छ । उक्त प्राथमिक तथ्यांक संकलन कार्य २०७३ साल मंसिर १ गतेदेखि २५ गतेसम्म गरिएको हो ।

### ३.४.१.१.अवलोकन

अनुसन्धान गर्दा प्रमुख स्रोतको रुपमा अवलोकनलाई पनि लिइन्छ । मैले यस पुन मगर समुदायको अनुसन्धानको क्रममा ले.न.पा. १२ ढुङ्गेपाटनमा करीव २५ दिन गहन अध्ययन , अवलोकन र निरीक्षण तथ्याङ्क सङ्कलन गरी प्रस्तुत गरेको छु । यसमा ले.न.पा.१२ ढुङ्गेपाटनमा बसोबास गर्ने पुन मगरहरुको घरधुरीमा गई उनीहरुको संस्कार तथाजन्मदेखि मृत्युपर्यन्तका विविध क्रियाकलापहरुको बारेमा जानकारी लिइएको हो ।

### ३.४.१.२. प्रश्नावली

अनुसन्धानकर्ता आफैंले तयार गरिएका प्रश्नावली प्रयोग गरी प्रत्येक ५० घरधुरीमा गएर घरका घरमुलीसँग प्रत्यक्ष रुपमा सोधी उनीहरुबाट तथ्यांक संकलन गरिएको हो । प्रश्नावलीमा मगर समुदाय, संस्कृति र संस्कारका बारे जन्मदेखि मृत्युसम्मका परम्परा, रहनसहन, भेषभुषा, खानपान, चाडपर्वहरु, रोजगारी, खेलकुद, सीप,विवाह, धर्म, पुर्ख्यौली थलो, मृत्यु संस्कारका सबै कुराहरु तथा काजकिरियाका र हाल भएका परिवर्तनहरुको बारेमाजानकारी सोधिएको छ ।

### ३.४.१.३.जानकार व्यक्तिहरुसँगको छलफल

ले .न.पा १२ ढुङ्गेपाटनमा बसोबास गरेका पुन मगर समुदायको १५० घरधुरीमध्ये ५० घरधुरीलाई गोला प्रकृयाबाट छानेरजन्मदेखि मृत्युसम्म्को संस्कार र चाडपर्वको बारेमा बुझेका बुढापाका व्यक्ति तथा त्यस समुदायका मुखिया तथा केही पढेलेखेका व्यक्तिसँग पनि जन्मदेखि मृत्युसम्मको संस्कारको बारेमा प्रत्यक्ष भेटी छलफल गरिएको हो ।

### ३.४.२ द्धितिय स्रोत

आवश्यक तथ्यांक संकलन गर्नको लागि द्धितिय स्रोत अन्तर्गत पुन मगर समूहले निकालेका स्मारिका, अनुसन्धानात्मक लेखहरु, पत्रपत्रिका, पूर्व शोध अध्ययनबाट पाइएका तथ्यहरु आदिलाई द्धितिय स्रोतका रुपमा लिइएको छ । यो अध्ययन मुख्यतया वर्णनात्मक भए तापनि विश्लेषणात्मक प्रकृयाबाट प्राथमिकता दिइएको छ ।

### ३.५ तथ्यांक प्रस्तुतीकरण र विश्लेषण

विभिन्न विधिहरु प्रयोग गरी प्राप्त तथ्यांलाई विश्लेषणात्मक र विवरणात्मक तरिकाबाट व्याख्या गरिने छ । प्राप्त तथ्यांकलाई तालिकीकरण गरी संख्या र प्रतिशतमा प्रस्तुत गरिएको छ ।त्यसका साथसाथै अनुसन्धान क्षेत्रको तस्बीरहरु पनि यसमा समावेश गरिएको छ ।

### सोधपत्र तयार गर्दा तथ्यांक संकलनको क्रममा परेका समस्याहरु

सोधपत्रको लागि उद्देश्यहरु पूरा हुने गरी प्रश्नावली तयार गर्दा समुदायबाट नाम लिष्टलिइ क्षेत्र अनुसार गोलाप्रथा अनुसार सोध्ने क्रममा विभिन्न किसिमका उत्तरदाताहरुको घरघरमा पुग्दा विभिन्न किसिमका समस्याहरु आइपरेका थिए । उत्तरदाताले उत्तर दिन नचाहने, कतिपय उत्तरदाताहरुलाई सबै कुराको जानकारी नहुनु, ठूलाठूला पर्खाल लगाइएका कुकुरहरु पाल्ने हुनाले उत्तरदातासम्म पुग्न कठिन, कतिपय उत्तरदाताले खुलेर उत्तर नदिने र कतिपय उत्तरदाताहरुले हाम्रो समुदायको बारेमा तिमीहरुलाई के चाहियो भनेर उत्तर दिन नचाहेको पाइयो । जानकार मानिसहरु कम भेटिने, धेरै जसो उत्तरदाताहरु महिला भएको कारणले पुजा तथा संस्कारको बारेमा पूरा ज्ञान नहुनु आदि कारणले जानकार व्यक्तिहरुसँग पनि पटक पटक जाँदा आफ्नो समय र उत्तरदातासँग समय नमिल्दा एउटै कुराको लागि पनि

उत्तरदातासँग सोधपुछ गर्न गइरहनुपर्ने अवस्था पनि पर्न गयो । पुरुष उत्तरदाता पनि लाहुरे भएको कारणले ग्राम संस्कारहरु भुलिसकेको पनि बताए ।

# अध्याय चार

# अध्ययन क्षेत्र र मगर जातिको परिचय

## ४.१ मगर जातिको परिचय

नेपाल राज्यमा बसोबास गर्ने विभिन्न जनजातिहरुमध्ये मगर जातिमा आफनै परम्परा, भेषभुषा, रहनसहन, भाषा र संस्कृति पाईन्छ । यदाकदा मगर संस्कृतिमा अन्य जातिको संस्कृतिको पनि मिश्रण रहेको पाईन्छ । मगरहरुको विभिन्न ठाउँअनुसार आन्तरिक भिन्नताहरु पनि देखिन्छन् । छोटा कद भएका, नाक थेप्चा भएका, राता गाला भएका यस जातिका युवक-युवतीको विशेषता हो ।

मगर जातिको बसोबास पश्चिमी पहाडी भागमा भए तापनि हाल सबै क्षेत्रमा छरिएर रहेको पाईन्छ । खानी, ढुङ्गा काट्ने, घर बनाउने, जोत्ने, मेलाको काम गर्ने, सैनिक पेशामा जाने र कडा भारी बोक्ने काममा मगर जाति सिपालु भएकाले पेशाको आधारमा यीनीहरु पूर्व पश्चिम छरिएर रहेको पाइन्छ । तर समयको परिवर्तन सँगै हाल आएर मगर जातिले माथि उल्लेखित पेशा व्यवसाय बाहेक अन्य विभिन्न खालका पेशा व्यवसाय यति अवलम्बन्न गरेको पाईन्छ ।

नेपालको पश्चिमी पहाडी भूभागमा बसोबासगर्ने भोट-बर्मेली भाषिक समूहको एक प्रसिद्ध जाति नै मगर आदीवासी हो (प्रयोगात्मक नेपाली शब्दकोष, २०६१) । कालीगण्डकी भन्दा पश्चिम, कर्णालीभन्दा पूर्व वा सिवालिक पर्वत श्रृंखलाभन्दा उत्तर र अति हिमपात हुने हिमाली भाग भन्दा दक्षिणको विशाल भूभाग नै मगरहरुको मुल थलो हो । जसलाई मगराँत प्रदेश पनि भनिन्छ ।

२०६८ सालको जनगणनाअनुसार नेपालमा मगर जातिको संख्या १८,८७,७३३ रहेको छ । संख्याको आधारमा क्षेत्री र ब्राह्मण पछि तेस्रो स्थानमा भए तापनि भाषाको आधारमा भने आठौं स्थानमा मगर जाति रहेको पाइन्छ । अर्थात जम्मा मगर जनसङख्या १८,८७,७३३ मध्ये २०६८ सालको जनगणना अनुसार ७,८८,५३० जनाले मगर भाषा लाई आफनो मातृ भाषा को रुपमा अपनाएको पाइन्छ ।

**तलिका नं. : ४.१ विकास क्षेत्रका आधारमा मगरहरुको जनसंङख्या विवरण**

| क.स. | विकास क्षेत्र | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुर्वाञ्चल | १,९९,८९६ | १०.५९% |
| २ | मध्यामाञ्चल | ३,२४,८६९ | १७.२१% |
| ३ | पश्चिमाञ्चल | ८,२१,५३० | ४३.५२% |
| ४ | मध्यपश्चिमाञ्चल | ४,८४,७७१ | २५.७८% |
| ५ | सुदुरपश्चिमाञ्चल | ५६,६६७ | ३.००% |
| **जम्मा** | | **१८,८७,७३३** | **१००.००%** |

स्रोतः केन्द्रिय तथ्याङ्क बिभाग, राष्ट्रिय जनगणना २०६८

## ४.२ कास्की जिल्लाको सामान्य भौगोलिक अवस्था

समून्द्री सतहबाट ४५० देखि ७९६९ मिटरसम्म उचाइमा रहेको कास्की जिल्लाको क्षेत्रफल २०१७ वर्गमिटर रहेको छ । आफ्नो काखैमा गगनचुम्बी माछापुच्छेलाई सधैं हृदयको कुनामा टलक्क टल्किने मणिस्वरुप राखेको दृश्य सबैले देखिरहेका छौं । समशितोष्णदेखि शीतोष्ण हावापानी र नेपालको चेरापुन्जीले उपनाम लिन सफल यस जिल्लामा प्रख्यात ताल तलैया ऐतिहासिक महत्वका स्थलहरु, कुण्ड, झरना, गुफासहित पर्यटकिय एवम् ऐतिहासिक महत्वका स्थलहरु, कुण्ड, झरना, गुफासहित पर्यटकिय स्थलका रुपमा नेपालमा मात्र नभै विश्वभरिमा नै प्रख्यात छ । यस जिल्लाको पूर्वी सिमाना लमजुङ्ग र तनहूँ जिल्ला पश्चिमी सिमाना स्याङ्जा र तनहूँ जिल्ला पर्दछन् ।

### ४.२.१.शिक्षा

नेपालमा रहेका विभिन्न जातजातिहरु मध्ये मगर जातिमा  प्रौढ र बृद्ध-बृद्धा मगरहरु आशिक्षित नै छन् । तरुन-तन्नेरीहरुमा पनि सबै शिक्षित भएको पाईदैन । बालबालिकाको शिक्षाको गुणस्तर पनि उत्तम खालको छैन । हाल आएर एस.एल.सि. उर्तिण गरेका युवाहरु केही मात्रामा छन् भने प्रमाण-प्रत्र र स्तानक तह उर्तिण गरेका युवाहरु १०/१२ जना मात्रै रहेका छन् । पुरुष भन्दा महिलाहरु बढी निरक्षर रहेका छन् । विद्यालय तहको तल्लो तहमा केटीहरुको सङ्ख्या भने बढ्दो देखिन्छ ।ले.न.पा. १२ ढुङ्गेपाटनको पुन मगर समुदायको २३९ जनामध्ये ५० घरको अनुसन्धान गर्दा धेरै जसो मगरहरु ९ देखि १० सम्म अध्ययन गरेका (२३.४३%) र त्यसपछि १०+२ पढेका (२०.५१) पाइयो ।

**तालिका नं. ४.२ अध्ययन क्षेत्रको शैक्षिक अवस्था**

| सि.नं. | ले.न.पा. १२ ढुङ्गेपाटनको २३९ परिवारको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निरक्षर | १५ | ६.२८% |
| २. | साक्षर | ४७ | १९.६७% |
| ३. | बच्चा | ८ | ३.३४% |
| ४. | नर्सरी के.जी | ७ | २.९२ % |
| ५. | १ देखि ५ | १७ | ७.११ % |
| ६. | ६ देखि ८ | २५ | १०.४६ % |
| ७. | ९ देखि १० | ५६ | २३.४३ % |
| ८. | १०+२ | ४९ | २०.५१% |
| ९. | बि.ए. | १२ | ५.०३ % |
| १०. | एम.ए. | ३ | १.२५ % |
| ११ | पि.एच.डी. | ० | ० |
| | **जम्मा** | **२३९** | **१००%** |

स्रोत : स्थलगत अध्ययन २०७३

२०६८ को सर्वेक्षणअनुसार कास्की जिल्लाको जनसंख्या ४९२०९८ रहेको छ जहाँ ७१४३४ नगरपालिका छन् । त्यस नगरपालिकामा ३८१२९ जना पुरुष र ३३३०५ जना महिला रहेका छन् । लेखनाथ नगरपालिकाको वडागत जनसंख्या तालिकामा दिइएको छ ।

**तलिका नं. ४.३ लेखनाथ नगरपालिको वडागत जनसङ्ख्याको स्थिति**

| सि.नं. | वडा नं. | महिला | पुरुष | जम्मा जनसंख्या | घरधुरी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १ | ४९९३ | ३९६८ | ८९६१ | २२६१ |
| २ | २ | २४२९ | २१०० | ४५२९ | १०७३ |
| ३ | ३ | २३७३ | १९८४ | ४३५७ | ११०९ |
| ४ | ४ | १६८६ | १४४० | ३१२६ | ७८० |
| ५ | ५ | २०९५ | १८१६ | ३९११ | १०१४ |
| ६ | ६ | ९०३ | ७३८ | १६४१ | ४१८ |
| ७ | ७ | १७७४ | १६३९ | ३४१३ | ८६७ |
| ८ | ८ | २५२० | २१११ | ४६३१ | ११२८ |
| ९ | ९ | १३७७ | ११२७ | २५०४ | ६४४ |
| १० | १० | ६७६ | ४८५ | ११६१ | ३३४ |
| ११ | ११ | १९९१ | १७२२ | ३७१३ | ९३० |
| १२ | १२ | ३२१२ | २९८० | ६१९२ | १६५८ |
| १३ | १३ | ३५७८ | २९२४ | ६५०२ | १६६८ |
| १४ | १४ | १४९४ | ११२४ | २६१८ | ६७२ |
| १५ | १५ | ८५० | ७०७ | १५५७ | ३८१ |
| १६ | १६, १७ र १८ साविक भरतपोखरी गा.वि.स | ६१७८ | ६४४० | १२६१८ | २४०४ |
| | **जम्मा** | **३८१२९** | **३३३०५** | **७१४३४** | **१७३४१** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

वि.सं. २०७५ मा ९१ हजार जनसंख्या हुने अनुमान गरिएको छ। जनसंख्या वृद्धिदर २.९५ का दरले जनघनत्व ५१५, बसाईसराइको स्थिति ०.८५ नगरबासीलाई सेवा प्रवाह गरिने केन्द्रहरु (नगरका १८ वटा वडा का ८ वडा सेवाकेन्द्रबाट सेवा प्रवाह हुदै आएको छ।

### ४.२.२ उत्तरदाताको उमेरगत वितरण

लेखनाथ नगरपालिका ढुङ्गेपाटन क्षेत्रको अवलोकनका क्रममा उक्त स्थानमा रहेका मगर उत्तरदाताहरुको उमेरगत विवरण छन् । सबैभन्दा बढी उत्तरदाताको संख्या २०-३० वर्ष उमेरसमूह रहेको छ भने उक्त समूहमा जम्मा ६१ जना उत्तरदाताहरु रहेको पाइन्छ । त्यसपछि सबैभन्दा कम ९०-१०० वर्ष रहेको छ ।

**तालिका नं. ४.४ उत्तरदाताको उमेरगत विवरण**

| उमेर समूह(वर्षमा) | महिला | पुरुष | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ०-१० | १० | ९ | १९ | ७.९४% |
| १०-२० | १८ | १६ | ३४ | १४.२२% |
| २०-३० | ३४ | २७ | ६१ | २५.५२% |
| ३०-४० | १७ | १९ | ३६ | १५.०६% |
| ४०-५० | १६ | १५ | ३१ | १२.९७% |
| ५०-६० | १९ | १५ | ३४ | १४.२२% |
| ६०-७० | ५ | ९ | १४ | ५.८५% |
| ७०-८० | २ | ३ | ५ | २.१०% |
| ८०-९० | १ | ३ | ४ | १.६९% |
| ९०-१०० | | १ | १ | ०.४२% |
| **जम्मा** | **१२२** | **११७** | **२३९** | **१००%** |

स्रोत : स्थलगत अध्ययन २०७३

### ४.२.३ आर्थिक पक्ष

लेखनाथ नगरपालिकाका ढुङ्गेपाटनमा बसोबास गर्ने पुनमगर समुदायको मुख्य पेसा कृषि नै रहेको छ । यहाँ धान , आल, मकै, गहुँ उत्पादन गरिन्छ । बाख्रा, भैंसी, कुखुरा तथा खुद्रा व्यापार तथा अधिकांश युवा युवतीहरु बाह्य देशमा गएको पनि पाइन्छ । विशेष गरी भारतीय सेनामा भर्ती हुने र बाँकी, अलि हुनेखाने, बेलायत तथा अलि कम हुनेखाने खाडी मुलुकमा गएको अवलोकनबाट पनि प्रष्ट हुन्छ । यहाँका महिलाहरुले घरको सानोतिनो काम गरेको पाइन्छ

### ४.२.४ जनसंख्या वितरण

लेखनाथ नगरपालिकाको जम्मा जनसंख्या ७१४३४(२०६८)सर्वेक्षणअनुसार) मध्ये महिला ३८१२९ र पुरुष ३३३०५ छ भने ले.न.पा. १२ को जनसंख्यामा ६१९२ मध्ये महिला ३२१२ र पुरुष २९८० रहेको जानकारी नगरपालिकाको सामाजिक स्थितिपुस्तिका २०६८ मा उल्लेख छ । यो नगरपालिका जनसंख्या वृद्धि २.९ र जनघनत्व ५.१ प्रतिशत बसाई सरेको अवस्था ०.८ प्रतिशत हुन आउने गर्दछ भने अनुसन्धानका क्रममा पुन मगर दाजुभाइको २३९ मध्ये पुरुष ११९ र महिला १२१ रहेको जानकारी हुन्छ । यहाँको भू बनोट ज्यादै राम्रो बस्नको लागि योग्य मिलेको सिंचाइयुक्त भूमि, खेती किसान, व्यापार व्यवसायमा विस्तार बढ्दो शहरीकरण र उपयुक्त शिक्षाको कारणले गर्दा क्रमिक रुपमा बसाइसराइ गरी आउनेको चाप बढ्दो छ ।

## ४.३ भाषा

### ४.३.१ पुन मगरहरुको भाषा

नेपालमा ६ प्रकारका मगर छन् । पुन मगर, राना मगर, थापा मगर, आले मगर, घर्ती मगर र बूढा मगर छन् ।, तर पुन मगर , घर्ती मगर र बूढा मगरले बोल्ने भाषा अठार मगराती खाम (पाङ) भाषा हो । अरु बाह्र मगराती मगरको भाषा ढुट भाषा हो भने सूदूर पश्चिमका केही जिल्लामा काइके भाषा बोल्ने मगरहरु सीमान्तकृत अवस्थामा छन् । सूदूर पश्चिमाञ्चल र मध्यमाञ्चलमा खाम भाषा बोल्ने मगरहरु अत्यधिक छन् । भाषामा ठूलो मार खाएको विशेष गरी धौलागिरी अञ्चलअन्तर्गतका जिल्लाहरु बागलुङ्ग, म्याग्दी र पर्वत यी तीन जिल्लाका मगरहरुले शतप्रतिशत भाषा गुमाएका छन् । ग्रामीण किम्वदन्तीअनुसार राणा शासनकालमा पर्वत जिल्लाको मल्ल राजाको पालामा पुन मगरहरुलाई खाम भाषा बोल्न प्रतिबन्ध लगाइयो जसले खाम भाषा बोल्छ, उसलाई पाँच जरिवाना गर्ने उर्दी नै जारी गरेर एउटा त्रासको वातावरण फिजाइयो, अन्त्यमा पुन मगरको भाषा पूर्ण रुपले लोप भयो । भाषा लोप भए पनि संस्कार लोप नहुने अवस्थामा रहेको पाइन्छ ।

### तालिका नं. ४.५ : पुन मगरहरुको चलन चल्तीमा आउने शब्दहरुको सङ्कलित खाम भाषाकाशब्दहरु

| नेपाली भाषा | खाम भाषा | नेपाली भाषा | खाम भाषा | नेपाली भाषा | खाम भाषा | नेपाली भाषा | खाम भाषा |
|---|---|---|---|---|---|---|---|
| कचौरा | कुटी, वटिकी | मान्छे | अर्मी | चिम्टा | थनौरो | घलेक | फिन |
| क्पाल | चमे | ढोका | धैला | टाउको | अडे | आगो | मि : |
| अगारी | अट | निधार | चाँदी | आँखा | मि. | | |
| पछाडी | पछट | उताबाट | होन्ट | नाक | सि. टी | | |
| यताबाट | हेन्ट | कान | अर्ना | गाला | बगाल | | |
| चपाउनु | यामयाम | मुख | या : | दाउरा | सीँङ | | |
| छेमा | आनु | पानी | रि : | पुरुष | सेल्पा | | |
| चैार | वाङ | ठेकी | शसरमा | महिला | मेया | | |
| उसको बुवा | आको वौं | लोटा | म्गाना | तरकारी | चिप | | |
| थैलो | कोथोलो | जथाभावी | ध्लल | भात | ज्यास | | |
| पानी | रि | विलो | सेट्न | पिसाब | अर्फिस | | |
| राख्नु | डास्नु | थोत्रो | भगटा | दिसा | कलि | | |
| साथी | जुः | खिर | नौवेत | फूल | वास | | |
| सोल्टी | तन्जा | छहरा | छाँगा | जुक्ता | पौला | | |
| पल्टिनु | मल्डयाङ्ग | साथी | जु : | अन्डा | बाजुरी | | |
| सल्लाह | गमस्टा | कर्मु | मजेत्रो | उधिनु | च्यानी | | |
| ाचिलिम | सुल्फा | माग्रा | गादा | बस्नु | चुनी | | |
| आरु | कुरिला | मुख | इा | सुत्नु | पस्नी | | |
| किरा | रुई | च्यापु | व्याँ | उठ्नु | र्भुन्या | | |
| प्रसाद | हेपाजी | दाँत | अट्स्या | हाँस्नु | सास्न्या | | |
| मेहेरो | साँढभेराको | घाँटी | दे : | रुनु | धन्र्या | | |
| गाँजेमाजे | जोल्थि | हात | कुई | कराउनु | कलिन्या | | |
| उतैउतै | पुनोसो | औला | कुइसे | बोल्नु | न्यान्या | | |
| इातायात | उनो उनो | पेट | भूडी | सरीर | कलाँ | | |
| तेसैत | रता करेनी | खुट्टा | खु : | रुख | मंगुर | | |
| जेठाबुवा | ठ्लाबु | नङ | असिं | मकै | धोगा | | |
| जेठीआमा | ठूले | कपडा | क्या | भट्ट | भट | | |
| लोट्नु | ल्यालतेङ्ची | घर | झिम | सिमी | सबै | | |
| कुखुरा | खोरा | कुकुर | का : | भैंसी | मैसा | | |
| | | | | बिरालु | ओजी | | |

स्रोत : पुन मगर समुदायको संस्कार - २०७३

**केही नमूना यसप्रकार छन्**

| खस भाषा | खाम भाषा |
|---|---|
| १) मेरो घर हुकाम मैकोट हो । | ङा ङाफ्किम हुकाम मैकोट |
| २) म पोखरा आएको छु । | ङा पोखरा ङाराले |
| ३) भात खायौ कि खाएनौ ? | ज्यास नजोण सिनी नमाज्योया |
| ४) म बजारमा जान्छु । | ङा बजारदी ङा हिंज्या |

## ४.४धर्म

विभिन्न परम्परावादी संस्कारलाई अनुसरण गर्नाका लागि धर्मको महत्वपूर्ण स्थान हुने गर्दछ । यस ढुङ्गेपाटन क्षेत्रमा बसोबास गर्ने मुगरहरुको धार्मिक अवस्थामाहिन्दू धर्मावलम्बीको संख्या बढी देखिन्छ त्यसपछि बौद्ध धर्मावलम्बीको संख्या दोस्रो स्थानमा देखिन्छ ।

**तालिका नं. ४.६ उत्तरदाताको धार्मिक विवरण**

| क्र.स. | धर्म | संख्या |
|---|---|---|
| १. | हिन्दू | ३० |
| २. | बौद्ध | १३ |
| ३. | प्राकृतिक पुजक | ६ |
| ४. | क्रिस्चियन | १ |
| | **जम्मा** | **५०** |

स्रोत स्थलगत सर्वेक्षण : २०७३

## ४.५ पेशा

पेशाको रुपमा खेतीपाति गर्नु नै मुख्य पेशा हो । खेतीपाति परम्परागत र मौसमी हुन्छ । बुढापाखाहरु घरको काम गर्दछन् भने युवाहरु लाहुरे बन्ने, बिदेशमा काम गर्न जाने बढि प्रचलन छ । यहाँका धेरैजसो लोग्ने मानिसहरु इन्डियन आर्मी तथा ब्रिटिस आर्मीमा भर्ती भएको पाइन्छ भने आइमाइहरु घर गृहिणी तथा खेतिपातिको अलवा गाई भैसी र भेडा बाखा पाल्ने प्रचलन पनि रहेको छ । कोही मानिसहरु व्यापार व्यवसायतिर पनि लागेको पाइन्छ ।

## ४.६पुन मगरहरुको प्रारम्भिक संस्कारहरु

### ४.६.१ मुख्य थलामा गर्ने ग्राम संस्कार

पुन मगरहरु मुख्य थलामा गरिने ग्राम संस्कार निम्न प्रकारका छन् । पुन मगरहरु ऐतिहासिक कालमा त एउटै संस्कार रहेको पाइन्छ तर पछि आएर एउटै समुदायमा पनि दुई थरीका संस्कार रहेको अनुमान लगाउन सकिन्छ । पुन मगर दुई थरीका संस्कारहरु मान्नेहरु छन् । ती हुन् एकथरी हिन्दू धर्म मान्ने छन् भने अर्को थरी बौद्ध धर्म मान्नेहरु छन् । यसरी हेर्दा पनि ग्राम संस्कारमा अलि फरक पार्ने रहेछ ।

### ४.६.२खयर बराहको पूजा

खयर बराह १५५०० फिटको उचाइमा अन्नपूर्ण हिमालको फेदीमा अवस्थित ताल हो । यो ताल धार्मिक, सामाजिक र पर्यटकीय दृष्टिकोणले ज्यादै महत्वपूर्ण मानिन्छ । तालको पूर्वतिरको किनारामा खयर बराही देवीको मन्दिर छ । यिनी देवीको नामले यस तालको नाम खयर बराही ताल रहन गएको हो । यस विषयमा यहाँका बूढापाका व्यक्तिहरुको भनाइ अनुसार सिख गाउँको ओखर बोटबाट नजिकको तालमा बराही देवीका नौवहिनी सँगसँगै बस्दथे र पछि अन्दाजी १६ औं शताब्दीतिर यहाँका मानिसहरुले यस तालमा फोहोर मैला गरेकाले नौ वहिनी बाराही देवीहरु त्यहाँबाट हिड्छन् तर कान्छी नागाजी बाराही भने दायाँ खुट्टा डुडो भएकाले त्यही बसिन् । अरु आठ बहिनीहरुमा जेठी पोखराको फेवातालमा, माहिली खयर बराहमा, साहिली प्यारी बहिनी घराम्दी गा.वि.स को लेकमा काहिली खिवाङ्ग गाउँको ठूला ढुङ्गा भएको ठाउँमा, काँइली बेगनास तालमा राहिली रुपतालमा, ठुली कान्छी सिखडै सिस्नाराको तालमा, सानी कान्छी रारा मुगु जिल्लामा, कान्छी नागाजी बाराही सिख गा.वि.स वडा नं.४ का पूर्वमा बस्न पुगे भन्ने आख्यान छ । माहिली खयर बराहीले जेठी दिदि फेवातालकी बराहीलाई आफूसँग भएको चिमाल भन्ने रुखको बिरुवा र जर्बुटो नामको निगाली सम्झनाको उपहार दिएकाले फेवातालमा निगाली र चिमाल भन्ने रुख बिरुवा अझै पाइन्छन् ।यिनी नौ बहिनी मध्येकी खयरबराह तालमा बसेको भनाइ पाइन्छ ।

### ४.६.३ प्यारी बहिनीको पूजा (साहिँली बहिनी)

म्याग्दी जिल्लाको घराम्दी जंगलको बीचमा रहेको यस तालमा बाह्रै महिना पानी जमिरहन्छ र तालको पानी निर्मल स्वच्छ देखिन्छ । साँहिली बहिनीको नामले परिचित धार्मिक मान्यताअनुसार यस तालको लम्बाइ करिब १५० मि. र १०० मि चौडाइ छ । साउने संक्रान्तिकको ऋषि तर्पणीका दिनमा यहाँ पूजा गरिन्छ । तालको पूर्व दक्षिण कुनामा प्यारी बराही देवीको मन्दिर छ, यसै मन्दिरमा खिवाङ्ग गाउँबाट मगर पुजारी खटाइन्छ । यस तालको छुट्टै महत्व देखिन्छ । वन जंगलमा बसोबास गरेका जंगली जनावर जस्तै : मृग, बाघ, भालु तथा चराचुरुङ्गीहरुलाई पानीको आवश्यकता पूरा गर्ने यही ताल नै हो (म्याग्दी स्मारिकाबाट) । तर लेखनाथ नगरपालिकामा बसोबास गर्ने मगर समुदायका बुदा पाकाहरु प्यारी बराहीको पूजाको दिनमा घराम्दी जान्छन् भने युवा युवतीहरु यही संस्कृतिक तथा खेलकुदको कार्यक्रम आयोजना गरी मनाउँछन् ।

### ४.६.४ वायु पूजा

ग्राम संस्कारको रुपमा म्याग्दी जिल्लाका मगर समुदायहरुको संस्कारमा वायु पूजाको रुपमा मृतकका आत्माले नसताओस् भनी पूजा गरेको पाइन्छ । पुन मगरहरुमा पनि कुनै व्यक्ति भीर पहरामा लडेका नदी वा खोलाले बगाएमा र अन्य दुर्घटनामा परी अकाल मै मरेका शरीरलाई बिरालो कुकुर काग आदिले यदि छोयो भने ऊ स्वर्ग जान सक्दैन भन्ने विश्वास पाइन्छ । त्यसैले उसको आत्माको शान्तिका लागि पूजा गरिएको पाइन्छ । यो पूजा प्रत्येक वर्ष वसन्त पूर्णिमा वा चर्तूदशीको तिथी पारी गरिन्छ । यसमा खुल्ला ठाउँको ठूलो ढुङ्गा वा रुखको फेदमा थान बनाइ पूजा गरेर कुखुराको भोग गरेपछि मृत्यु भएको वायु वर्मासेको भाग खाएर मृत आत्माले शान्ति पाउने घरमा शुभ, समृद्धि र रक्षा हुने भनाइ छ ।

### ४.६.५ ओली बस्ने

तान्त्रिक विद्या लिएका र शरीरमा सरस्वती देवीको शक्तिले काँप्ने मान्छेले भ्फाँक्री पेशा अपनाएको विश्वास गरिन्छ । भइपरी आउने खतरा नियन्त्रण गर्ने मान्छेलाई ओली भन्ने गरिन्छ । खेतीपातीको बेलामा आकाशबाट असिना परेमा बाली नष्ट हुन्छ । यस विघ्न बाधाबाट तर्काउन ओलीले तीन फूलको पानी तान्त्रिक विधिअनुसार काम्दै अक्षता फुकी आकाशतिर फाल्दा असिनालाई अर्को ठाउँमा पार्ने गरिन्छ, जसले गर्दा पाक्न लागेको बाली

बच्न सक्ने मान्यता पाइन्छ । यस्ता प्राकृतिक प्रकोपको विघ्न बाधालाई तर्काउन सक्छन् भन्ने भनाइ पाइन्छ ।

### ४.६.६ चौतारी पोखरीको पूजा

पितृ उद्धार, सन्तान प्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि चौतारी पोखरी बनाई लक्ष्मी नारायणको पूजा गरेको पाइन्छ । धर्म कमाउनका लागि बनाइउका चोतारी र पोखरी तयार गरिएको पाइन्छ । तिनीहरुलाई असाध्यै ध्यानपूर्वक सरसफाइ र सिँगार पटार गरिएको हुन्छ । शुभदिन हेराई उक्त दिनमा यी चौतारी र पोखरीलाई रंगरोगन फूलमाला तोरण तथा काँचो सुतरीले अष्टोत्तर शत अर्थात् एक सय आठ पटक फन्का लगाइन्छ । उक्त चौतारी पोखरी घरको नजिक छन् भने घरसम्म तोरण ल्याइन्छ यदि टाढा छ भने तोरण घरसम्म ल्याउन असम्भव मानिन्छ । चौतारीमा शिलालेख बनाइएको पाइन्छ । शिलालेखमा सूर्यचन्द्रको आकार,मितिर कसको सम्झनामा बनाइएको हो साको नाम लेखिएको हुन्छ । यदि वरपीपल नपाएमा वैसरु पैदरु तथा गयसरुका बिरुवा विधिपूर्वक सारिन्छ । आडमा एउटा पोखरी बनाई पानी संकलन गरिन्छ त्यस पोखरीको बिचमा कर्ताको नक्षेत्र अनुसार ऊँः कार लेखी पवित्र काठको मौलो जोडिएको पाइन्छ । मौलाको माथि त्रिशूल राखिएको हुन्छ जसको अर्थ ऊँकार ब्रम्हा, विष्णु र महेश्वर, ऊँ हुन्छ । अर्को अर्थमा त्रिगुण, सत्व,रज र तम अर्थ हुने विश्वासमा मरेको मान्छेको सम्झना भई गरिएकामा मृतकको आत्माको शान्तिका कामना गरिएमा हुन्छ । त्यस्तै सन्तान प्राप्तिको बारेमा चौतारी पोखरी निर्माण गरिएको छ भने सन्तान प्राप्ति शान्ति प्राप्त हुने धार्मिक मान्यता पाइन्छ । विभिन्न प्रकार र मौसम अनुसारका फूलप्रसाद तथा मालाहरु बनाइउको पाइन्छ । त्यस्तै गरी पोखरी बनाउनुको अर्थमा पोखरीमा उद्धार र मुक्ति दिने शिवजी र जलका राजा वरुणदेव मान्यताले पोखरीको महत्व झल्किन्छ ।

## ४.७चाडपर्व

### ४.७.१ माघे सङ्क्रान्ति

यो पर्व मगरहरुले धुमधामसँग मनाउँछन् । यो चाड मनाउनाप्राय परिवारले मासुका लागि राँगा, भैसी,सुँगुर, खसी-बोका, चामल खरिद गर्छन् । संक्रान्तिका दिन तरुल, फर्सि, सखरखण्ड, पिडालु र बदाम उसिनेर खाई यो तिहार मनाइन्छ । यसै चाडमा तारो हान्ने प्रचलन पनि छ । जसले तारो लगाउँछ उसलाई युवतिहरुले विभिन्न खानेकुरा दिई सम्मान गर्दछन् । माघे तिहारमा इष्टमित्र र आफन्तलाई बोलाई मिठो-मिठो खानेकुरा दिई मनाउँछन् । ले.न.पा १२ को भूगोल पार्कमा एउटा भलिबल ग्राउण्ड तथा बास्केट बल ग्राउण्ड पनि निर्माण भएको छ र त्यहाँ आफ्ना नजिकका गाँउलेहरुलाई आमन्त्रण गरी रमाइलो गर्दछन् ।

### ४.७.२ कुल पुजा

हरेक जातसमुदायले आ आफ्ना कुलको पूजा गर्दछन् । त्यस्तै भै ले.न.पा. १२ मा बस्ने हुने आदरणीय पुन मगर दाजुभाइहरुले पनि आफ्नै प्रकारको कुलपुजा गर्ने चलन छ । कुल भन्नु नै हामीलाई जन्म दिएका पुर्खा हुन जसलाई हामीले सृष्टिकर्ता भन्दछौ ।

पुन मगर समुदायहरुले संभव भए प्रत्येक ३ वर्षमा नसकेमा आफ्नो समय अनुकुल मिलाई कुलपूजा गर्दछन् । यसमा कर्पाको बाजेका ९ छोरा भएका र जेठा रामचन्द्र र कान्छा कुले हुन् भन्ने मान्यता छ । यसरी पुनमगर करपाके बाजेका सन्तान भएकाले करपाके बाजेको नाममा कुलपुजा गर्ने चलन रहेको पाइन्छ । कुलपुजा तीन वर्षमा एक पटक ज्येष्ठ पूर्णिमाको दिन चोखोठाउँ अथवा खेतबारीमा थान बनाएर शून्य रातमा तीन जना मगर पूजारीले नबोलीकन पूजा गर्ने चलन छ । यस दिनमा करपाके बाजेलाई चिसो पानीको पँधेराबाट तीनजना पूजारीहरुले वेतको शोलीमा लौरी टेकी आफ्नै घरमा ल्याएका थिए भन्ने भनाइ पाइन्छ । यस भनाइ अनुसार कुललाई एउटा शिलाको प्रतीकमा ल्याई कुलपूजा गरिन्छ । तर हिजोआज विभिन्न कारण वा मौसमका कारणले गर्दा पूर्णिमाको दिनमा पूजा गर्न असमर्थ भएमा कुनैपनि महिनाको उजेली पक्ष वा शुक्लपक्षमा यो पूजा गर्ने चलन छ । कुलपूजा गर्ने दिन आफ्ना वंशका र छरछिमेकका इष्टमित्रलाई पूजाको प्रसाद खान निमन्त्रणा गरिन्छ । यस दिनमा पाहुनाको भेला हुने हुदा सबै जनामा प्रेमभाव बढ्ने र एक प्रकारको रमाइलो वातावरण देखा पर्दछ । कुलपूजा गर्नु भन्दा अगावै घरको बायो वर्मासे र

जुनजुन देवीदेवताको पूजा आराधना गर्ने चलन छ ति सबै देवीदेवताको पूजा आजा गरिसक्नु पर्दछ । आफ्नो कुनै प्रकारको भक्कल छ भने भक्कलको पूजा सम्पन्न गरिएको हुनुपर्दछ ।

### ४.७.३ जाँड राख्ने

कुलपूजाको क्रममा जाँड राख्ने कामबाट शुरु गरिन्छ, कुल पूजाको कुल देवतालाई जाँड अनिवार्य चढाउनु पर्ने हुन्छ । पाहुनालाई मुख्यत : जाँडले नै स्वागत गरिन्छ त्यसैले पूजा गर्ने दिनभन्दा एक हप्ता पहिले नै पाहुनाको अनुमान गरेर जाँड राखिन्छ , जौ, गहुँको अन्नको जाँड चोखो मानिन्छ । जाँड राख्ने काम घरको मूली स्त्रीको हुन्छ । जसलाई 'छेमा' भनिन्छ । त्यसदिन छेमा पानी भर्न पँधेरामा गई स्नान गरी चोखो भई पँधेराबाट चोखो पानी ल्याएर आउँछिन् । अनि कसैसँग नबोलीकन शान्त भएर आफ्नो कुललाई सम्झेर जाँड पकाउँछिन् । त्यस समयमा हल्ला बाधा दख्खल आदि उत्पन्न हुनुहुदैन जसलाई 'जोल्वी' भनिन्छ । कुलपूजा गर्नु भन्दा ३ दिन पहिले तीन माना चामलको छ्याङ बनाईराख्नु पर्दछ । पकाएको छ्याङलाई सफा सेतो कपडामाथि रुखको पात ओछ्याई छ्याङको पोको पारी झुन्डाइन्छ । यो काम घरको मूली पुरुषको हो । छ्याङ राख्दा मूल पुरुष चोखो निष्ठ भएर माथि उल्लेखित जस्तो जोल्वी नभईकन छ्याङ राख्नुपर्दछ । यो छ्याङ नौ पिण्ड बनाइन्छ र थानमा राखिन्छ । तर पूजामा छ्याङको १८ वटा पिण्ड बनाउने चलन छ किनभने कुलको नौ भाइ मध्ये जेठा रामचन्द्र र कान्छ कुल कुलेलाई करपोक बाबाले आशीर्वाद दिएको भनाइपछि ती दुई भाइ जङ्गल जङ्गल घुम्न थाले, जङ्गलमै खाने बस्ने शिकार खेल्ने गरेर जीवन व्यतीत गर्न थाले । धेरै समयपश्चात् पूजारीले फेला पारेर 'हाम्रो घर आऊ' भनी आग्रह गरेर फकाए तर ती दुई भाइ घर जान मानेनन्, अन्त्यमा तिनीहरु दुई भाइलाई नौ सिङ्गे र दुई सिङ्गे सेवा गरौंला भनेर घर जान मन्जुर गराए । यस प्रकार सबैभन्दा पहिला कुललाई पूजारीले घरमा ल्याएको हुँदा छ्याङको १८ वटा पिण्ड बनाएर थानमा चढाउने प्रथा रहेको भनाइ छ ।

### ४.७.४ थान बनाउने

पुन मगर समुदायको कुल पूजालाई चाहे हिन्दू धर्म चाहे बौद्ध मार्गी हुन् सबैले कुल त करपाके बाबालाई मान्ने गर्दछन् । सफा चोखा डाँडा चौर अथवा जग्गामा थान बनाउनु

पर्छ । थान बनाउदा पहिले भकारीको गोठ बनाइन्छ, गोठको धुरीको बलो लगभग तीन हात जति अगाडि निकाल्नु पर्छ । पूजाको दिन देवता बसेर पाहुनालाई हेर्ने गर्दछन् भन्ने मान्यता छ । गोठभित्र चाक्लो खालको ढुङ्गाको थान बनाइन्छ । पिण्डहरु सजिलै अटाउन सकुन् भनी थानको वरीपरि तीते निँगालाको नौवटा लिंगोहरु पनि तयार पारी राख्नुपर्दछ । थानको अगाडिपट्टि धूप जलाउनका लागि निकै चाक्लो ढुङ्गा राख्नुपर्दछ जसले थान उठाउँदा थानको ढोका बन्द गर्नुपर्दछ ।

### ४.७.५ कारपाके बाबालाई घरमा ल्याउने

माथि उल्लेखित सामग्री दिउँसै तयार गरी राख्नुपर्दछ । साँझ परेपछि पूजारीले शोलीमा शिला पत्थर र जल ल्याउनका लागि गाग्री लिएर पानी पँधेरामा जान्छन् । त्यस बेलामा बोल्नु हुँदैन, कसैले थाहा नपाउने गरी पानीमा धोई वेतको सुपेले नाम्लाले बोकी कपडाको झूल लगाई, वेतको लौरी टेक्दै घर ल्याउने काम सम्पन्न गरिन्छ । घरभित्र रामचन्द्रलाई धूप जलाई दिनुपर्दछ । त्यसमा कुखुराको भालेसमेत अरु सामानहरु लिएर थानमा जाने चलन छ ।

### ४.७.६ पूजाको कार्यक्रम

पुन मगर समुदायले कुलपूजा गर्दा नौ आँखे रेखी बनाउने(पाँच धर्को ठाडो र चार धर्को तेर्सो नौ रोटी दोहोरो बनाउने, छ्याङको नौ पिण्ड बनाउने, नौ जोडा ध्वजा लिङ्गामा झुन्डाउने, थानको एक छेउमा ध्वजा, अर्को छेउमा पानीको धारा र धूप बाली थानमा पूजा कार्यक्रम शुरु हुन्छ ।

जेठा रामचन्द्रलाई भालेले पूजा गर्दछन् । अँगेनाको नजिक नौ रेखी, एक जोडा चढाई मध्य रातमा धूप दिने र अँगेनाको छेउमा भालेलाई मन्छाएपछि काट्ने र रगत थानमा लतपत नहुने गरी पूरा अँगेनामा चढाउनु पर्छ । त्यस भालेको मासु पूजारीलाई खुवाउने गरिन्छ ।

### ४.७.७कान्छा कुललाई पाठाको पूजा

एकजोर ध्वजा, चौठीमा जाँड र नुन खुर्सानी लिएर पाठासहित थाना गइन्छ । थानमा धूप दिएर पाठा मन्छाई दुल्देचरीको पहिलो डाँकामा पाठा काट्नुपर्छ । काटिएको पाठाको आन्द्राभुँडी कुनै भाँडामा राख्ने, पाठाको छाला काट्ने औजार पनि शोलीमा राखिन्छ ।

आन्द्राभुँडी र कलेजोको आकार प्रकार हेरिन्छ। यसमा धन खर्च र शत्रु लाग्छन् कि लाग्दैनन् भनी पात्रो हेर्ने धार्मिक मान्यता छ । त्यस्तै नौ सिलको सिन्कामा नौ टुक्रा मासु उनेर दिइन्छ। पाठाको आन्द्राभुँडीको प्रसाद बनाउने चलन छ। यस प्रसादलाई 'हेमाजी' भनिन्छ। पहिला घरको मूली स्त्री लिएर पूजा गर्ने पूजारीसँग आज्ञा मागी भित्र पस्न दिइन्छ र ती मिठो जाँड लिएर आउँछिन् । आमन्त्रित व्यक्तिहरुलाई प्रसाद र जाँडले स्वागत सत्कार गरिन्छ।

### ४.७.८ पूजाका सामग्रीहरु

शून्य रातमा तीन जना पूजारीले मात्र पूजा गर्ने चलन छ। पूजामा चाहिने सामग्रीहरु पूजा गर्नुभन्दा पहिलो दिन नै तयार गरी राखेको हुनुपर्दछ।

**ठेकीमा राख्ने सामानहरु** :

सेतो पोते सन्तुदेव थुम्मालाई, चक्कु, छुरी वा आँसी अग्नि देवतालाई, नौ डालामा रुखको पात फिमलालाई र ठेकीमा जाँड राखिन्छ।

**डालामा राख्ने सामानहरु** :

नौ माना अन्न, कुलदेवतालाई एकवटा मर्चा

### ४.७.९ पुर्ख्यौली चाड(भूमेपूजा)

पुन मगर गाँउमा पुर्खौदेखि मनाउँदै आइरहेको थुप्रै चाडपर्वहरुमध्ये भूमे पूजा पनि एक हो। प्रत्येक वर्ष भूमे पूजाको अवसरमा गाउँ समाज मिलेर संयुक्त रुपमा एउटा हाँस,एउटा भेडा र एउटा बोका बली दिई पूजा गर्ने चलन छ। गाउँअनुसार भूमे पूजा फरक फरक तरिकाले मनाउँदछन् । भूमे पूजा वर्षमा एकपल्टमात्र गरिन्छ । यस पूजाको ठूलो अर्थ छ ।यो पूजा वैशाख या जेठको महिनामा गरिन्छ, किनभने यी महिनाहरु मानवलाई नभइनहुने अन्नबाली लगाउने प्रमुख महिना हुन् । वैशाख पहिलो महिना भएकाले वर्षभरि लगाएको बाली कीराफट्याङ्ग्राले नष्ट नगरुन् भन्नको खातिर आफ्नो गाउँ वरपरमा दरदेउता भूत/पिचासलाई भेडाको साँढ, बोका, कुखुरा आदिको बलि दिएर भूमेपूजा गरिन्छ र घर अनुसार ध्वजा, अक्षता अनिवार्य सङ्कलन गरिन्छ। पूजाको मितिभन्दा अगावै प्रत्येक घरधुरी

सदस्य अनुपातमा तोकेअनुसार कोदो उठाई जाँड राखिन्छ र पूजाको दिनमा समाजको तर्फबाट सबै देवीदेवताको थपनामा गई भेडाको साँढ, पाठा, कुखुरा आदिले पूजा गर्ने गर्दछन् । पूजा गरेको राँगो/पाठोको मासुलाई कुरियाको हिसाबले बिलो लगाएर बााडिन्छ । पहिला नै राखेको जाँड आ आफ्ना थरको आमाहरुले दिनभरी जाँड छान्ने काम गर्दछन् । सबै जनाले सो दिनमा जाँड खाएर रमाइलो गर्दछन् । बूढापाकाहरु पनि मातेर लडाभाती गर्दछन् । सबै घरको सदस्यअनुसार प्रत्येक सदस्यको एक माना चामल उठाएको हुन्छ । भात पकाएर एक मानाको एक वटै डल्ला पारी सदस्यअनुसारको भातको डल्ला बाँडिन्छ । सो दिनमा पूजा गरेको मासु र डल्ला पारेको भात घरमा खाने चलन छ । केटाकेटीदेखि बूढापाका सबैले नयाँ लुगा लगाएर भूमे पूजाको पर्व मनाउँछन् । यो पुन मगरहरुको एउटा महत्वपूर्ण संस्कृति हो । यस पूजाको दिनमा कुनैपनि मान्छे घाँस दाउरा गर्न जादैनन् ।

### ४.७.१० झाँक्रिको ओखान बखान

यस पूजाका सामग्रीहरु र अन्य कुराहरु ठीक छ कि छैन हेरी दिनका लागि झाँक्रीलाई अनुरोध गरिन्छ र सबै पाहुनालाई खानपानले सत्कार गरेपछि कुलदेवताको बखान गर्दछन्, सो ओखनबखन सबैले सुन्न पाइन्छ ।

### ४.७.११ थान उठाउने

घरको मूल पुरुषले नौ पिण्डलाई तीन तीन वटा गरी दुई पटकमा उठाउने तर पछिल्लो पटकमा दुईवटा मात्र उठाउने र बाँकी एउटालाई थानमा नै दिइन्छ । घरको मूल स्त्रीले फीन(वर्को) थाप्ने र मूल पुरुषले सह आऊ भन्दै पिण्ड उठाइन्छ । आउँदो तीन वर्षमा फेरि ढोका खोलुम्ला भन्दै थानको अगाडि धूप जलाइन्छ । ढुङ्गाले थानको ढोका बन्द गरिन्छ । त्यसपछि पूजा स्थलको सबै सामान वरिपरि धुमेपछि घरतर्फ लागिन्छ । घरलाई तीन पटक घुम्ने र घरभित्र पस्ने परम्परा छ । घरभित्र पसिसकेपछि सामान राखेर थानमा चढाएको प्रसाद सबै व्यक्तिलाई बाँड्ने चलन छ । यस प्रकारको कुल पूजा समाप्त हुन्छ ।

पुन मगरका संस्कारहरुको मुख्य जरो नै उनीहरुको कुलपूजा माघे सङ्क्रान्ति र भूमे पूजा नै मुख्य रहेको छ । यदि यसलाई पुन मगर समुदायका भावी पिँढीले जर्गेना गरेनन् भने उनीहरुको संस्कार मेटिन सक्छ । त्यसैले विभिन्न समयमा गरिने संस्कारहरुलाई भावी पिँढीले निरन्तरता दिनुपर्दछ । त्यसको लागि नयाँ पिँढीले आफ्नो कुल पूजा गर्नु पर्दछ ।

कुलले दिएको आशिर्वाद, सिरोवायोले रक्षा गरुन्, भूमे देवताले रक्षा गरुन् भन्ने चलन अझै पनि छ ।

## ४.८ ढुङ्गेपाटनका मगरहरुको आफ्नो संस्कारप्रतिको वर्तमान अवस्था

मगर समुदायमा मानिसहरु विभिन्न अवस्थाका कारण आफ्नो मौलिक भूमिलाई छोडेर अन्यत्र बसाँइ सरी बसोबास गर्ने चलन बढ्दै गएको छ । समय, परिस्थिति र वातावरणका कारण उनीहरुले आफ्नो संसकारलाई छाड्दै जाने प्रवृत्ति पनि बढ्दै गएको पाइन्छ । यसै शिलशिलामा ढुङ्गेपाटनका मगरहरुले आफ्नो संस्कार मनाउने मन नपराउने निरनतरता दिने वा नदिनेको अवस्था यस प्रकार रहेको छ ।

**तालिका नं. ४.७ : उत्तर दाताको संस्कार सम्बन्धी धारणा**

| क.सं. | संस्कारहरु | मन पराउनेको संख्या | निरन्तरता दिनेको संख्या | छाडेका | जम्मा |
|---|---|---|---|---|---|
| १ | मुख्य थलामा गरिने ग्राम संस्कार | ५० | २४ | २६ | ५० |
| २ | बराह पूजा | २० | १० | ४० | ५० |
| ३ | देउराली वा चौतारी पूजा | ३० | २६ | २४ | ५० |
| ४ | चाडपर्वहरु | ४९ | २२ | २८ | ५० |
| ५ | कुल पूजा | ४९ | ३० | २० | ५० |
| ६ | झाँक्री कार्य | २२ | १५ | ३५ | ५० |

स्रोत : स्थगत अध्ययन२०७३

मगर समुदायले आफ्नो संस्कारमा पूर्वजहरुले गर्दै आएका संस्कारहरुलाई सबैले उत्तिकै महत्वपूर्ण स्थान दिदै आएका छन् । तर पनि कुल पूजा, चाडपर्व र बराह पूजा बाहेक अन्य सांस्कृतिक कार्यहरु कतिले पुरानो प्रवृत्ति र केहीले असुविधा र शहरी बसाइको कारणले चाहेर पनि गर्न नसकेको देखिन्छ । यस अवस्थाले गर्दा शहरमा बसोबास गर्ने मगरका नयाँ सन्ततीहरुमा आफ्नो संस्कार हराउँदै जाने सम्भावना प्रबल देखिन्छ

## अध्यायपाँच

## संस्कार

संस्कार शब्द संस्कृत भाषाबाट नेपालीमा आएका तत्सम शब्द हो । यो शब्द 'कृ' धातुमा 'सम्' उपसर्ग र 'धम्' प्रत्यय लागेर बनेको छ । यसको शाब्दिक अर्थ हो, राम्रोसँग गरिने काम वा राम्रो काम हुन्छ तर व्यवहारमा संस्कार शब्दले माझ्नु, शुद्धयाउनु, चोख्याउनु, परिमार्जन गर्नु वा त्यस्तै शुद्धिकरणको धार्मिक कृत्य भन्ने अर्थ बुझाउँछ । भाषाको लामो इतिहासमा प्रसङ्गअनुसार संस्कार शब्दको प्रयोग यज्ञका सामाग्रीहरुको परिकार, निर्मलीकरण, शिक्षा, प्रशिक्षण, प्रभाव, स्वभाव, छाप, शक्ति अभिषेक आदि अर्थमा पनि भएको छ । सर्वप्रथम वेदमा शुद्ध वा पवित्र बनाउने अर्थमा संस्कार शब्दको प्रयोग भएको पाइन्छ । त्यसपछि 'शतपथ ब्राम्हण' तथा छान्देग्योपनिषद निर्मलता र स्वच्छताको अर्थमा यसको प्रयोग भएको भेटिन्छ । महर्षि जैमिनीले चम्काउनु भन्ने अर्थमा यसको प्रयोग गरेका छन् । आयुर्वेदमा कुनै औषधिलाई रसायन बनाउने क्रममा गरिने विधिलाई संस्कार भनिएको छ । जसरी प्राकृतिक खानीबाट प्राप्त फलाम, सुन आदि कच्चा धातुलाई बारम्बार अग्नि र अन्य उपकरणका सहयोगले शुद्ध र गुणस्तरीय बनाइन्छ त्यसै गरी मातृगर्भबाट पशुवत् पैदा भएको मानव शिशुलाई शिक्षा, दीक्षा, सत्सङ्ग,सद्भाव, वातावरण, परिवेश र सुझबुझ आदि कुराले सुसभ्य मानिस बनाइन्छ ।

संस्कार मानवलाई आफ्नो उन्नति वा उत्थानको चरमोत्कर्षमा पुर्‍याउने प्रमुख साधन रहँदै आएको कुरा नकार्न सकिदैंन तर समय र परिस्थितिमा आएको परिवर्तनले कालान्तरमा ती संस्कारहरु उपेक्षित हुन पुगे । संस्कारका नाममा परम्परा धान्ने कार्यमात्र भयो । फलस्वरुप मानवसमुदाय फेरि दिनहीन बन्दै उही पाशविकताको शिकार बन्न पुग्यो ।

मानिस अहिले जहाँ आइपुगेको छ, त्यहाँ एकैछिन उभिएर अतीततिर हेर्दा एकातिर मानिसले छोड्नपर्ने कतिपय विकृतिहरुलाई संस्कृतिका नाममा अँगाल्दै आएको देखिन्छ भने अर्कोतिर कतिपय छोड्नै नहुने कुरा पनि परम्परागत वा पुराना कुरा भनेर छोड्दै आएको देखिन्छ । कतिपय नितान्त जीवनबादी र विज्ञान सम्मत कुराहरुलाई सही धर्म र अन्धविश्वासका आवरणले ढाकेर वेकामको बनाएको पनि देखिन्छ  तर अव त्यस आलोकमय अतीतमाथि लागेको अन्धविश्वास र रुढिवादको पर्दा पनि खोतल्नु र अनन्त सम्भावना भविष्यका बारेमा

छरिएका जडदापूर्ण अवरोधहरु हटाउनु पर्ने वेला पनि आएको छ । समयले धरासायी भएको मानवताको सोचाइलाई फेरि उठाउने, मानवको मनोभूमि उच्च पार्ने र मानवीय चेतनालाई अझ जगाउने, यसका लागि सशक्त माध्यम बन्न सक्छन् । हाम्रा शुभ संस्कारहरुलाई वैज्ञानिक धरातलमा पुन : जागृत र पुर्नस्थापित गर्नुपर्ने  आजको आवश्यकता खड्किएको छ । संस्कारले नै हामीलाई सुसंस्कृत, सुसभ्य र सुसम्पन् बनाउँछ ।

संस्कार मुलत : शुद्धीकरणको प्रक्रिया हो । जीवनमा अनेकौं पाशविक जुनीहरु पार गरेर मनुष्य जुनीमा आएको हुनाले उसमा थुप्रै पाशविक व्यक्तिहरु अनेकौं दोष र कमजोरीहरु रहेको हुन्छन् । तिनको सफाई गरेर उसलाई विशुद्ध मानव अझ दिव्य मानव बनाउने उद्देश्यले मानिसका निमित गर्भावस्थादेखि नै विभिन्न संस्कारको व्यवस्था गरिएको हो । जीव र जीवनका बारेमा लामो तथा सुरक्षा अध्ययन अनुसन्धान गरेर नै जीव वैज्ञानिक ऋषिहरुले समाजमा संस्कारहरुको व्यवस्था गरेको हुन वास्तविक रुपमा भन्नु पर्दा संस्कारमय भनेको अस्वच्छ, अस्वस्थ र अपरिष्कृत जीवनलाई स्वच्छ, स्वस्थ र परिष्कृत बनाउने आध्यात्मिक उपचार विधि हो अर्थात शरीर र मनमा रहन गएका दोषहरु मेटाउदै कमी कमजोरीहरु हटाउँदै असल एवं दिव्य गुणहरु थप्दै मानिसलाई सुसभ्य र सु संस्कृत बनाउने शास्त्रीय कर्म नै संस्कार हो ।

सम्बन्धित कर्म गर्दा उच्चारण गरिने वेदमन्त्रहरुको पावन तथा शक्तिशाली ध्वनि तरङ्गले थलीय वातावरणले र त्यस बखत मनमा राखिने शुभ भावनाले वा तिनको संयुक्त स्पन्दले व्यक्तिको गुण र स्वभावमा विशिष्ट परिवर्तन ल्याइदिन्छन् । यही नै यसबाट हुने आध्यात्मिक तथा मनोवैज्ञानिक उपचार हो । यस्ता उपचारले व्यक्तिको व्यक्तित्व विकासमा आश्चार्यजनक परिणाम प्राप्त हुन्छ । व्यक्तिलाई सुसंस्कृत विकसित, सौजन्यपूर्ण र कर्तव्य परायण बनाउन मद्दत गर्छ । शास्त्रहरुमा यस्ता संस्कारहरुको विस्तृत चर्चा गरिएको पाइन्छ ।

सर्वप्रथम संस्कार के हो ? संस्कार भनेको हरेक जात समुदायहरुको आफ्नै समुदाय परम्पराअनुसार आफ्नै ढाँचाको कृयाकलापहरुलाई मानिन्छ ? धर्मलाई कुनै विशेष समुदाय/समूहमा भएको विश्वास भन्ने गरिन्छ किनभने धर्म भनेको नै एउटा अमृत वस्तु हो । यस जनमानसमा भएको विश्वास मात्रै हो यही विश्वासले आज संसारमा धर्म अडेको छ । कुनै पनि धर्ममा आधारित भएको हामी पाउँछौ । यस्तो किसिमको धर्ममा आधारित

जनमानसमा विश्वासले मानिसलाई अन्धकारमा राखेको पाइन्छ । जसले गर्दा उनीहरुको संवृद्धि र प्रगतिमा धक्का लाग्दछ र यस धर्मको पर्दाभित्र नै जीवन बिताउन बाध्य हुनुपर्दछ । पुन मगर समुदायहरुमा आफ्ना पूर्खाहरुले गरेको संस्कार लोप हुनाको कारण विश्व आधुनिकता, पश्चिमीकरण, भूमण्डीकृत् समाज, विज्ञान र प्राविधिकाको अत्याधुनिक वैज्ञानिकताका कारणले विश्व २१ औं शताब्दीको संघारमा उभिदा आफू रहेको पुर्खाले गरेको संस्कार देश विदेश जाने आउने क्रममा विस्तारै लोप भएको छ । यातायात, विद्युत, संचारले हिजोको मानिसका सोचाइ आज परिवर्तन हुनु स्वभाविकै हो । त्यसैले अझै पनि हाम्रो समाजमा धर्मको नामले देशको राजनिति, सक्रिय छ । अर्कोतर्फ धर्म समाजलाई सञ्चालन गर्न एउटा हतियारको रुपमा पनि मान्न सकिन्छ । पहिले पहिले समाजमा शान्ति सुरक्षा कायम राख्नको लागि नै धर्मको प्रादुभाव भएको पाइन्छ । उदाहरणका लागि अर्कालाई ठग्ने चोर्ने मार्ने अत्याचारी आदिलाई धर्मले निषेध गरेको थियो र छ पनि यस्ता कर्मलाई मानिसले धर्मको आडमा पाप हो भन्छन् पनि । पापलाई नै दण्ड सजायको रुपमा मानिसहरुले धर्मको आडमा पाप हो भन्ने आज पनि यी कर्महरुलाई वैधानिक रुपमा वर्जित गरिएको पाइन्छ । यस्ता कार्य गरेका मानिसहरुलाई आर्थिक तथा सामाजिक सजाय दिने गरिन्छ ।

त्यसैले धर्म र संस्कारहरुलाई यसप्रकारले पनि परिभाषित गर्न सकिन्छ । धर्म भनेको समाजलाई चलाउने र समाजमा शान्ति सुरक्षा कायम राख्ने एउटा हतियार र विश्वास हो ।

पाप र पुण्य भनेको धर्ममा आधारित सजाय र पुरस्कार हो । पाप र पुण्यको आधारमा नै कुकर्महरुलाई हतोत्साहित र सुकर्महरुलाई प्रोत्साहित गर्ने गरिन्थ्यो । मानव समुदायले गर्ने सम्पूर्ण कर्म जुन समाजमा सजिलैसँग स्वीकारिन्छ, त्यो नै संस्कार हो जसले मानिसको सम्पूर्ण दिन चर्यालाई नै समेट्ने गर्दछ ।

## ५.१ पुन मगरको जन्मदेखि मृत्युसम्मका संस्कारहरु

जन्मदेखि मृत्युसम्मका संस्कार तथा संस्कारहरु लोप हुनाका कारणहरु जन्म, पुन मगरहरुको बच्चा जन्मदा सुडेनीमार्फत नै साल नाल काट्ने काम हुन्छ । बच्चाको नाभि खसेपछि नाभि सकभर सुरक्षित ठाउँमा राख्ने चलन छ । बच्चा बिमारी भएमा उसैको नाभि घोटेर खुवाएमा निको हुन्छ भन्ने धारणा विश्वास छ । बच्चा जन्मेपछि सो बच्चाको बुवाको भाइखलकले परिवारले न्वारन नगरेसम्म बालीनाली लगाउन हुँदेन र कुनै शुभकार्य गर्न हुँदैन भन्ने धारणा रहेको देखिन्छ ।

## ५.२ छैंठी

नेपालमा बसोबास गरेका हरेक जातजातिहरुले  बच्चा जन्मेको ६ दिनमा छैंठी मनाउने गर्दछन् । अरु जातिले जस्तै मगर जातिले पनि छैंठी मनाउने गर्दछन् । मगर समुदायमा यस दिन बच्चाको भाग्यरेखा भगवानले कोरिदिन्छन् भन्ने धारणा रहेको पाइन्छ  बच्चाको भविष्य राम्रो होस् भनी रातमा नातागोता जम्मा भई पुर्ख्यौली नाचगान गरेर बच्चालाई परिवारले र रात बस्ने नातागोताहरुले पैसा र आशीर्वाद दिन्छन्

## ५.३ न्वारन

नेपालमा बसोबास गर्ने  विभिन्न जनजातिहरुले बच्चा जन्मेको ११ दिनमा न्वारन गर्ने गर्दछन् । अरु जातिले जस्तै  मगर जातिले पनि बच्चा जन्मेकै ११ दिनमा न्वारन गर्छन् । यस जातिमा न्वारन गर्नुको मुख्य उद्देश्य बच्चालाई बाहिर ल्याई सूर्यदेवको दर्शन गराउनु र बच्चाको नाम राख्नु हो । त्यस दिनमा घरमा लिपपोत गरी आफ्नो घरको पिट वा दरदेवतालाई ध्वजा र अक्षता चढाइन्छ । घरमा सुत्केरीलाई हिन्दूमार्गी पुन मगरहरुले गाईको गहुँत छर्केर चोखो पारिन्छ । बच्चालाई हात खुट्टामा सुता आदि राखेर बच्चालाई रोज्न लगाइन्छ । यसमा बच्चाले जुन समान छोयो पछि त्यही चिज प्रयोग गर्ने व्यक्ति हुन्छ भन्ने जनविश्वास पुन मगर समुदायमा रहेको पाइन्छ । इष्टमित्रहरु बोलाई भोज खुवाइन्छ । आमाबाबुले बच्चालाई भाग्राँ लगाइदिने र इष्टमित्रहरुले उक्त भाँग्रामा उपहार पैसा राखिदिने गर्छन् । छोरीलाई छेवारपास जस्तै बिजारे वर्षा नया गुन्यू चोलो दिने मीठो खाना खुवाइन्छ जसलाई गुनियो चोलो दिने भनिन्छ ।

**तालिका नं. ५.१ : मगर समुदायमा न्वारन गर्दा पुरेत राख्ने प्रचलन**

| प्रकार | संख्या |
|---|---|
| धामी झाक्रीबाट | ० |
| बाहुनबाट | १९ |
| घर मुलीबाट | १५ |
| जैसीबाट | ४ |
| छोरी ज्वाइँबाट(कुटुम्ब) | ११ |
| नगर्ने | १ |
| **जम्मा** | **५०** |

स्रोत :स्थलगतअध्ययन२०७३

## ५.४ फूटभरा

पुन मगर जनसमुदायका विभिन्न संस्कारमध्ये फुटभरा महत्वपूर्ण संस्कार हो । जसमा पुरुष बालकलाई छेवर वा दशैंको टीकाको दिनमाा नभ्याइएमा बच्चाको जन्मवार वा कुनै शुभदिन निकाली कुलपिट तथा इन्द्रदेवताहरुको पूजा गरी बालकलाई नयाँ वस्त्र पहिर्‍याइन्छ । यो विधिलाई फूटभरा संस्कार भनिन्छ । पूजाको कार्य तथा बालकलाई नयाँ वस्त्र लगाइसकेपछि सोरठी गीतमा नाचगान गर्ने चलन छ । बालकको ३,५,७,९,११ जस्ता बिजोर वर्ष पारेर फूटभरा संस्कार गर्न उपयुक्त मानिन्छ । उक्त दिन घर आँगन लिपपोत सरसफाइ गरिन्छ । बालकलाई नुहाइ धुवाइ गरी चोखो निष्ठ पारिन्छ । कुललाई सम्झेर बालकको दीर्घायुको कामना गरिन्छ । पुनमगर संस्कृतिअनुसारका भेषभूषा कायम गर्न यो संस्कृति गरिदै आएको मान्यता छ । यस संस्कारले बच्चाको मन हर्षित हुने र समाजमा समयोजन हुन सजिलो पार्ने देखिन्छ भने बालकको उमेर ठूलो भएपछि अरु संस्कारलाई निरन्तर अगाडि बढ्ने बताउँछन् । फूटभरा गर्दा नातेदारी कुटुम्बहरुलाई बोलाई स्वादिष्ट भोजन गराइन्छ । यदि फूटभरा गर्दा बालकलाई गादा, टोपी अन्य वस्त्र लगाइन्छ तर बालिकाको भने फूटभरा गर्ने चलन छैन ।

फूटभरा संस्कारको बेला कम्मरमा बुवाले कन्धनी बाँधिदिन्छन् । बच्चाको नाममा प्रसाद छरछिमेकी तथा नातागोतालाई बाँडिदिन्छन् अनि बच्चालाई घरबाहिर ल्याई घाममा राखिन्छ

। यसरी घामको प्रकाशमा राख्नुको प्रमुख उद्देश्य बच्चालाई कुनै रोग व्याधि नलागोस् भन्ने हो । हिन्दूले जस्तै पुन मगरहरुले पनि गाईको गोबर, गहुँतलाई अति नै पुण्यदायी हुन्छ भन्ने सोचाइ राख्दछन् ।

### ५.५ भात खुवाई/अन्न प्राशन

नेपालमा बसोबास गरेका विभिन्न जातजातिहरुमा न्वारन पछी  अन्नप्राशन गर्ने चलन छ जुन चलन पुन मगर समुदायमा पनि रहेको छ । यस समाजमा छोरा भए ६ महिना, छोरी भए ५ महिनामा जैसीद्धारा राम्रो साइतको दिन हेराई नयाँ लुगा, गहना लगाएर नाउँ जुरेको कन्याकेटीले बालकलाई भात खुवाउने चलन छ । त्यसपछी क्रमश बच्चाको आमा-बाबु र अरु आफन्तहरुले भात खुवाई आफ्नो गच्छे अनुसार उपहार, आशिष दिन्छन् । आफन्तहरु लाई मासु, रक्सी, दाल भात खुवाई विदाई गरिन्छ ।

### ५.६ छेवार पास

पुन मगर समुदायमा छोरा जन्मेको ३,५,७,९,११ जस्ता बिजोर वर्षमा छेवारपास गरिन्छ । केश खौरेर टोपी लगाउने र नयाँ कपडा लगाइदिने चलन पुन मगर समुदायमा छ । नाङ्लोमा कलम, किताब पात्रो बन्दुक, खुकुरी, कुटी भात पुरा आदि राखेर बच्चालाई छुन लगाइन्छ र बच्चाले जुन चीज छोयो त्यही पछि प्रयोग गर्ने हुन्छ भन्ने विश्वास छ ।

### ५.७ छोरीलाई गुन्यूचोलो दिने कार्यक्रम

पुन मगर समुदायमा छोरालाई छेवार पास गरेझैं ३,५,७,९ र ११ बिजोर वर्ष पारेर छोरीलाई गुन्युचोलो लगाइदिने चलन रहेको छ । छोरी मान्छेलाई नयाँ गुन्यू चोलो दिने परम्परा रहेको छ । गुन्युचोलो दिनु भनेको नै उ अब ठुली भई, उसले लगाउने कपडामा ध्यान दिनुपर्छ भन्ने सामाजिक सङ्केत हो । गुन्यु चोलो दिने कार्य आमको हातबाट गरिन्छ तर आमा नभएको अवस्थामा यो गुन्युचोलो दिने कार्य मावलीको हातबाट गरिदिने चलन छ ।

## ५.८ विवाह

नेपालमा बसोबास गर्ने हरेक जातजातिमा  विवाह गर्ने परम्परा रहेको छ जुन पुन मगर समुदायमा पनि गर्छन् । अन्य समुदायहरुको जस्तै मागी विवाह गर्ने चलन छ । हिजोआज बढ्दा आधुनिकीकरणको साथसाथै केटाकेटीहरुले आफ्नो मनपेट साटासाट गरी प्रेम विवाह पनि गर्ने गरेको पाइन्छ । खासगरी केटाको विवाह गर्ने उमेर पुगेपछि आमाबाबुले फलानो केटीसँग विवाह गर्ने भनी निर्देशन दिन्छन् वा पहिलो त मामाचेली र फूपूचेलीमा विवाह गर्ने हक लाग्छ पनि भनिन्छ, अथवा केटाले फगलाना केटीसँग विवाह गर्ने भनी इच्छा जाहेर गरेपछि केटी माग्न केटीका आमाबाबुकहाँ जान्छन् । यदि केटीको आमाबाबुले मञ्जुर गरेमा केटा पक्षको आयस्रोतअनुसार केटीलाई गहना दिई कबुलियत गरिन्छ । कबुलियत भएको दिनमा केटाले केटीलाई आफ्नो साथमा राख्दछ । केटीलाई केटाको घर भित्र्याउने शुभदिन( लगन) निकाल्न जोखाना हेर्न लगाउँछन् त्यस शुभ दिनमा दुलही अघि र दुलाहापछि गरी घर पस्नु पर्दछ । दुलाहाको घरभित्र पस्दा दुलहीले हातमा नयाँ ठेकी लिएकी हुन्छिन् । दुलाहा दुलही घरभित्र पस्नुअघि घरमा केही पनि राखिदैन र घरमा पस्दा दुलहीले पहिले देब्रे खुट्टाले टेक्नु पर्दछ र टेक्नेबित्तिकै बन्दुक पड्काउने वा दिन भयो भनी थपडी मार्ने चलन छ । दुलहादुलही घरभित्र पस्नु अघि नै दुलहीकी आमा घरछोडी बाहिर गएकी हुन्छिन् । अनि दुलहाले आमालाई खोजी घरमा भएको सम्पत्ति आमालाई दिने कबुल गरी घरमा ल्याउँछन् । त्यसपछि घरको मूलीले एउटा कुखुराको भाले काटी कुल पूजा वा देउपितृलाई चढाउछन् र दुलहा दुलही टीका लगाइदिन्छन् । दुलहा दुलहीलाई भात खुवाउने बेलामा दुलहा दुलहीलाई भुक्याएर आफ्नो जुठो भात खुवाउने चलन छ । त्यसपछि सबै इष्टमित्रहरुलाई भोज खुवाइन्छ । समय मिलाएर माइती भेट्न जाँदा जन्ती लिएर जान्छन् । यसरी माइती भेट्न जाँदा केटा पक्षले सातबीस रोटी रक्सी, फिला(मासु) एकपछि चामलसहित केटीका आमाबाबुलाई कपडा र अरु नजिकका नातालाई कोसेली लगिदिने चलन छ । केटीको घरमा दुलहा दुलहीलाई टीका लगाइदिन्छन् र अरु नजिकका नाता कुटुम्बहरुले दुलहालाई फेता र दुलहीलाई पछ्यौरी दिन्छन् । भोलिपल्ट घर जाने बेलामा केटीको आमाबाबुले क्षमताअनुसार सम्मान गर्नका लागि भनेर कोसेली पठाइदिने चलन छ तर परापूर्वकालमा केटा मान्छेले दुलहा दुलहीले भाग्राँ खादी कछाड टोपी लगाउँथे भने अचेल दुलहा दुलही हुँदा पर्वबाहेक भेषभूषामा धेरै नै अन्तर देखिएको पाइन्छ । जुन चाहिँ टाइसुट, कोट पाइन्ट, जुत्ता मोजा टोपी(ढाकाको) लगाएर जान्छन् भने दुलहीले विवाहको दिनमा गुन्यू चोलो पटुका लगाउँथे

भने अचेल आधुनिक समयमा पुन मगर केटीले सारी ब्लाउज पछ्यौरी तथा गहनाहरु लगाउँछन् । शुरुमा पुर्खाहरुले नौगेडी, कण्ठा,जन्तर,हम्वेल,छापे औठी लगाउँथे भने तर अचेल पुन मगर केटीले आफ्नो बाजेबज्यैले लगाउने गहना लगाउँदैनन् । जस्तै : सिक्री,पाउजु,छड्के तिलहरी,हार,मङ्गलसूत्र आदि जस्ता गर गहना लगाउँछन् । यही हो समय परिवेशअनुसार संस्कार परिवर्तन भएको भन्न सकिन्छ तर चाडपर्व संस्कार आदिमा भने आफ्नो मगर भेषभूषा लगाउँछन् भन्न सकिन्छ ।

**तलिका नं. :५.२ उत्तरदाताका विवाहका प्रकार**

| क्र.स. | विवाहको प्रकार | जनसङ्ख्या |
|---|---|---|
| १. | मागी विवाह | ४२ |
| २. | प्रेम विवाह | ८ |
| ३. | चोरी विवाह | ० |
| ४. | जारी विवाह | ० |
| ५. | विधवा विवाह | ० |
| ६. | भाई बुहारी विवाह | ० |
| | **जम्मा** | **५०** |

स्रोत स्थलगत अध्ययन २०७३

## ५.९ पारपाचुके

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरुमा लोग्नेले स्वास्नी लाई मन नपरेमा र लोग्ने-स्वास्नीको मनमुटाव भएमा सम्बन्ध विच्छेद गर्ने गर्छन् । मगर समुदायमा पनि सम्बन्ध विच्छेद गर्ने परम्परा रहेको छ । सम्बन्ध विच्छेद पनि परम्परादेखि चलिआएको विधि अनुसार गर्ने गर्दछन् । केटीको चित्त नबुझे माइतमा नै बस्ने गरेको देखिन्छ भने विवाहित केटी अर्को केटासँग गएमा पुरानो लोग्ने पक्षका मानिसहरुलाई धनमाल तथा जारी लिने गर्दछन् । यदि केटोले छोडपत्र गर्छ भनेमा केटीपक्षका जान्ने बुझ्ने जम्मा भई खानपान तथा जीवन गुजारा गर्न भनी केही रकम छुट्याई अर्थात् केटीको मनसाय सकारात्मक भए पनि केटाले छोड्छु भनेमा केटाले केटीलाई यथाशक्य रुपमा पैसा दिएर मनाइन्छ । यस्तो चलनलाई केटी फाल्ने भनिन्छ । यसरी केटीले दोस्रो विवाह गर्न पाउने पनि देखिन्छ । यदि केटीसँग साना साना छोराछोरी भएमा आमासँग जान सक्ने र छोरा ठूला भएमा बाबुले

लालनपालन गर्ने गरेको देखिन्छ । यस समुदायका महिलाहरुले सौतामाथि विवाह गरेको पाइँदैन । पारपाचुके गर्दा गाउँकै भद्र भलादमीद्धारा निर्णय गरिन्छ ।

## ५.१० चौरासी पूजा

नेपालमा बसोबास गरेका विभिन्न आदिबासी जनजातिहरुमध्ये मगर जातिमा पनि  ८४ वर्ष लागेपछि वा १ हजार चन्द्रमा दर्शन पुगेपछि ८४ पूजा गर्ने चलन रहेको पाइन्छ  । यो पूजा गरेमा सुख पाएर मर्ने भन्ने धारणा छ । कुटुम्बलाई गाई भाडाकुँडा लुगाफाटा दान दिइन्छ । गाई दान दिएमा गाईको पुच्छर समातेर स्वर्ग पुगिन्छ भन्ने धारणा हिन्दू धर्म मान्ने पुन मगरहरुको संस्कार छ । यस संस्कारमा छोराहरुले पैसा दिने र छोरीहरुले लुगाकपडा दिने चलन छ । त्यस दिन गीत गाउँदै र खसीको मासु, रक्सी खाँदै रात बिताउँछन् । ८४ वर्षको पूजा गरिएको व्यक्तिले मानापाथी छुन नहुने र माछामासु र जाँडरक्सी खानु हुँदैन भन्ने धारणा भएको पाइन्छ ।

## ५.११ वैतरणी पूजा

पुन मगर समुदायमा  मानिस बिरामी भएर मर्न लागेको अवस्थामा यो पूजा गर्ने गर्दछन् । यो पूजा गरेमा बिरामी भएका बुढाबुढीहरु मर्न परे पनि आरामका साथ मरेर स्वर्ग जान्छन् र बाँचे पनि आरामका साथ बाच्न सक्दछन् भन्ने धारणा छ । वैतरणी पूजा गरेपछि पनि माना र पाथी छुन नपाइने माछा,मासु,जाँडरक्सी खान नहुने र चोखो भान्सामा खानुपर्दछ भन्ने धारणा छ ।

## ५.१२ मृत्यु

हरेक समाजमा रहेका विभिन्न जातजातिहरुले मानिसको मृत्युपश्चात विद्यमान रिती रिवाज, संस्कृति  भिन्न-भिन्न तवरले सम्पन्न गर्ने गरिन्छ । मगर समाजमा  पनि कुनै व्यक्तिको मृत्यु भएमा गाउँलेहरु मृत्यु घरमा भेला हुन्छन् । सेतो कपडाले मुर्दालाई उत्तानो पारी सुताई छोपेको देखिन्छ । मुर्दालाई एकमाना चामल एक दुई रुपैया भेटी राखेर बत्ती बालिदिन्छन् । त्यसपछि दाउरा तयार गरिन्छ । यो काम गाउँले दाजुभाइद्धारा गरिन्छ । मुर्दाको खर्चको लागि माना चामल र भेटी कोरो(सेतो कपडा) मा पोको पारिदिन्छन् । महिलाको मुर्दालाई मुखतिर गहनाले नुहाइदिन्छन् । पुरुष मुर्दाको मुखमा दाहसंस्कारको

रुपमा आगो दिन्छन् । मुर्दालाई ढोकामा ल्याएर राखिन्छ । मुर्दालाई उल्टोबाट काटेको काँचो बासको चोया र काँचो धागोले ३ वा ५ ठाउँमा बासको भारमा बाँधिन्छ र २ जना छोराहरुले बोक्दछन्, छोरा नभएमा भाइखलकले बोक्छन् । यसरी मलामी जाँदा मुर्दाको ठीक अगाडि शङ्ख फुकेको मान्छे र उस भन्दा अगाडि बाटो तुल कोराको सेतोकपडा समातेका महिलाहरु हुन्छन् । सबैभन्दा अगाडि मकै,जौ गहुँ राखेको टपरी लिएको मान्छे र टिला छर्ने मान्छे पनि हुन्छन् । मुर्दाको पछाडि कमण्डलु लिएर मान्छे र दाउरा बोकेको र रुदैं गरेका आफन्तहरु हुन्छन् ।

**तालिका नं. ५.३ : उत्तरदाताले मृत्यु सम्बन्धी गर्ने संस्कारका तरिकाहरु**

| क्र.सं. | उम्कने दिन | संख्या |
|---|---|---|
| १ | ३ | २४ |
| २ | १३ | २५ |
| ३ | क्रिया नगर्ने | १ |
| | **जम्मा** | **५०** |

स्रोत :स्थलगतअध्ययन२०७३

## ५.१३ पुन मगर संस्कार र चाडपर्वमा निरन्तरता र परिवर्तन

समाज परिवर्तनशील छ, कुनै पनि वस्तु स्थिर रहँदैन ।हिजोको कुनै मान्यता एवं विश्वास आज उस्तै छैन भने भोलि नहुनु पनि स्वभाविक हो किनकी परिवर्तन प्रकृतिको विशेषता हो, तर कतिपय समाजमा जतिसुकै विकास भए पनि सो कुरामा निरन्तर नै रहिरहन्छ । पहिला म्याग्दी जिल्लामा बसोबास गर्दा पुर्खाले गरेको त्यहाँको ग्राम संसकार उनीहरले गर्दथे तर आज बसाईँको अनुकुलताको हिसाब ले.न.पा. १२ ढुङ्गेपाटनमा बसोबास गर्ने पुन मगरहरुले त्यहाँ गरेको ग्राम संस्कार धेरै भुलिसकेको पनि पाइयो । जस्तै : गाउँमा चौतारा भञ्ज्याङ्ग साँघुलाई पूजा आजा गर्दथे भने यहाँ सुगम छ तिनीहरु यहाँ छैनन् तर आफ्ना पुर्खाले गर्ने जन्म, मृत्यु,भाषा, घरबास, खानपान, भेषभूषा, गरगहनाहरु, भाँडावर्तन, बाजागाजा, धर्म, देवी देवता, चाडपर्व, नाचगान र नातेदारी जस्तो सांस्कृतिक संस्कारहरुका विशेषताहरु कायमै देखिन्छ ।

म्याग्दी जिल्लाको परापूर्वको पूजा आचा पनि बिस्तारै लोप हुदै छन् । तर यसलाई लोप हुन दिनुहुदैन । चाहिने खालका राम्रा संस्कृति र संस्कार राख्ने नचाइने पुराना अर्थहिन कुराहरुलाई छोडिदिने गर्नुपर्दछ । समाजलाई भलो हुने एकता कायम राख्ने जस्ता ग्राम संस्कारलाई टेवा दिनु पर्दछ । जस्तै : नयाँ पुस्तामा धामीझाँक्री, तन्त्रमन्त्र आदिमा विश्वास कम हुँदै जानु यस्तै आर्थिक क्षेत्रमा कृषि पशुपालन वैज्ञानिक शिक्षामा लाग्नु यो राम्रो संकेत हो । मगर समुदायहरुमध्ये अधिकांश इन्डियन आर्मीमा भर्ती हुनु वैदेशिक रोजगारीमा जानु र केही होटल व्यवसाय सञ्चालन गर्नुले यिनीहरुको आर्थिक, सामाजिक र सांस्कृतिक जीवन पद्धतिमा परिवर्तन हुँदै गइरहेको देखिन्छ । स्वास्थ्य र शिक्षाले राम्रै प्रभाव पारेको देखिन्छ । शिक्षा, स्वास्थ्य र सुविधाका लागि बेनी पोखरा, काठमाडौं बसाइँ सरेको पाइन्छ । वर्तमान अवस्थामा कोही जागिरे जीवन पश्चात् र कोही पढे लेखेका प्रौढहरु राजनीतिमा सरिक भएको देखिन्छ । युवा पिँढीका पुराना व्यवहार र विश्वासहरुमा आस्था कम हुँदै गएको पाइन्छ । पर्वते हिन्दू समुदायसँगको सामीप्यले यिनीहरुले मनाउने पर्वहरुमा र संस्कारहरुमा ब्राम्हण पुरोहितलाई बोलाउन थालेको पाइन्छ । अर्को कुरा शिक्षा तथा सञ्चारको प्रभावले गर्दा पश्चिममा संस्कृतिको अनुसरण बाजाको सट्टा गितार ड्रम आदिको प्रयोग गरेका छन् । पहिरनमा पनि परिवर्तन आउनुलेसंस्कृतिकरणको प्रभाव देखिन्छ ।

**तलिका ५.४ : पुराना संस्कार अपनाउने र नअपनाउने उत्तरदाताको विवरण**

| पुरानो संस्कार | | संख्या |
|---|---|---|
| अपनाउने | | २८ |
| नअपनाउने | | २२ |
| **जम्मा** | | **५०** |

स्रोत स्थलगत अध्ययन २०७३

ग्राम संस्कारहरुमा जन्मदेखि मृत्युसम्म गरिने संस्कारमा हिन्दूमार्गी पुनहरु र बौद्धमार्गी पुनहरु दुवैले आ आफ्नो संस्कारलाई त्यागेका छैनन् भने गाउँमा गरिने ग्राम संसकारहरु पुर्ख्यौली थलामा गरेका संस्कारहरु यहाँ यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, विद्युत् बाटोघाटो, सबै खालको परिवेश पुर्ख्यौली थलो र यहाँका अलगै भएकाले एउटा सम्झना त हुन्छ तर परिवेशिय आधारमा ग्राम संस्कार बसाँइ सर्दा सबै नहुने रहेछन् । त्यस्तै काजकिरिया पहिला १३ दिनमा उम्कने गरिन्थ्यो भने अहिले ३ देखि १३ दिनसम्म गरेको पाइयो । पहिला गाउँमा सबै हिन्दु धर्म मान्नेहरु थिए भने अहिले बौद्ध, क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि रहेको पाइयो ।

ले.न.पा. १२ ढुङ्गेपाटनका पुन मगरहरुले अहिले गर्ने ग्राम संस्कारहरु परिवर्तन हुँदै गएका छन् । उनीहरुले अहिले खयर बराहको पूजा गर्ने , प्यारी बहिनीको पूजा गर्ने , ओली बस्ने , देउराली भञ्ज्याङ्ग तथा पुलमा पाती चढाउने , चौतारी पोखरीको पूजा गर्ने आदि कार्यलाई कहिले काँही पुर्ख्यौली थलोमा जाँदा बाहेक अन्य बेलामा नगरेको पाइयो । केवल कूल देवताको मन्दिर स्थापना गरी समाज घरको स्थापना गरी त्यही सबै समुदायका मान्छे जम्मा भएर चाडपर्व संस्कार आदि गर्ने गरेको पाइयो । पुन : समाज पनि दुई समूहमा विभाजन भई दुई वटा कूल देवताको मन्दिर र समाजघर बनाएको पाइयो । चाडपर्व पनि बौद्ध मार्गीले तिहार , माघे संक्रान्ति , कूलपूजा करपाके बाबा , भूमेपूजा आदि मनाउने

गरेको पाइयो भने हिन्दू धर्म मान्नेहरुले साउने संक्रान्ति, जनैपूर्णिमा , तीज, दशै, तिहार,माघे संक्रान्ति , फागूपूर्णिमा । चैते दशै जस्ता चाडपर्वहरु मनाउने गरेको पाइयो ।

## ५.१४ नेपाल पुन मगर समाजको ऐतिहासिक प्रथम साधारण सभा

मिति २०७३ फाल्गुन १७ गते ले.न.पा १२ ढुङ्गेपाटनमा सम्पन्न पुन मगरहरुको ऐतिहासिक साधारण सभामा ढुङ्गेपाटन पुन मगर समाजको अध्यक्ष झमबहादुर पुन र प्रमुख अतिथि पूर्व अर्थमन्त्री वर्षमान पुनको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । उक्त भेलाको मुख्य उद्देश्य “मगर महासंघ बनाऔं । नेपाल पुन मगर समाजको प्रथम साधारण सभा भव्य रुपले सफल पारौं ।” भन्दै सम्पन्न भएको थियो । उक्त सम्मेलनमा कास्की जिल्लाका ढुङ्गेपाटन, अर्घौं, पोखरा, पुँडीटार, तल्लो गगनगौडा, तनहुँका विभिन्न समुदाय, पर्वत, म्याग्दी आदिका पुन मगरहरु सहभागी भएका थिए । उक्त सम्मेलनले मगर समितिको गठन गरी ऐतिहासिक ग्राम संस्कारहरुको संरक्षण गर्दै भावि दिनमा सम्पूर्ण देशभरका मगर जातिहरुलाई संगठित बनाउँदै लैजाने कुरामा जोड दिइएको थियो । हाल बेलायतमा रहेका याम बहादुर पुर्जा पुनको भनाइ अनुसार आफू विभिन्न देशको भ्रमण गर्दा पनि विदेशमा रहेका पुन मगरहरुले पनि आफ्नै मौलिक परम्परा र रीतिरिवाज कायमै गरेका रहेछन् भन्ने बारेमा करपाके बाबाको ओखा र विविध पूजा भन्ने पुस्तकमा उल्लेख भएको पाइयो ।

## अध्याय छ

## पुन मगर समुदायको पुर्ख्यौली संस्कार लोप हुनबाट जोगाउने उपायहरु

पुन मगर समुदायको संस्कार र संस्कृति भनेको नै उनीहरुको प्रयोग गरेका चाडपर्व, भेषभूषा, धर्म, खेलकुद तथा सीप कला,गहना तथा बाजाहरु जन्मदेखि मृत्यु सम्मका कृयाकलापका कुराहरुको जगेर्ना गर्नु नै हो । ती आफ्नो भेषभूषा र संस्कारहरु भाषाहरु भएनन् भने पुन मगर समुदायको पहिचान नै गुम्ने हुन्छ । त्यसकारण माथि भनिएका कुराहरुको संरदाण तथा उनीहरुले दैनिक जीवनका हरेक कुराहरु राम्रा पक्षलाई जगेर्ना गरी जातीय अस्तित्व युग युगसम्म राखी आफ्नो भावी नयाँ पुस्तालाई देखाउने वा बुझाउने कार्य आजको मुख्य विषयको रुपमा रहेको छ ।

पुन मगर समुदायमा बच्चा जन्मेको ११ औं दिनमा न्वारन गरिन्छ । यो दिन कसैले ब्राह्मणद्धारा र कसैले धामी झाँक्रीद्धारा बच्चाको नामाकरण गरिन्छ । यो चलन आजसम्म पनि निरन्तरता रहेको पाइन्छ ।

विवाह गर्दा मागी विवाहलाई प्राथमिकता दिइएको छ । यो राम्रो पक्ष हो तर कसैले प्रेम विवाह गरेको पनि पाइएको छ । आफ्नो कुल परम्पराअनुसार उनीहरुले विवाहको समयमा गरिने क्रियाकलापमा केटी पक्षको आमा बाबुलाई चित्त बुझाएमा मात्र विवाह हुन्छ । विवाहमा दुलहीले लगाउने पोशाकमा पहिला पहिला गुन्यू, चोली,टेकी,घलेक, मजेत्रो,कण्ठा,नौगेडी,हम्मेल प्रयोग गर्दथे तर आजकल सारी,चोलो,पछ्यौरी,पाउजु,कुर्ता,सलवार जस्ता लुगा तथा गहनाहरु लगाउँछन् । पहिला लगाएका लुगा तथा गहनाहरु अचेल चाडपर्वहरुमा मात्र लगाउँछन् । यिनीहरुले आफ्नो भेषभूषाहरुलाई निरन्तरता दिनु पर्दछ भन्ने कुरा बुझेको पाइन्छ ।

पहिला पहिला विवाहमा केटाले लगाउने पोशाकहरुमा भाङ्गा,खादी,टोपी,क्रसखुकुरी लगाउँथे तर अचेल टाई,सुट,कोट,पाइन्ट लगाउँछन् । पुर्खाले प्रयोग गरेका कुराहरु यथावत राख्नुपर्दछ । पहिला प्रयोगमा ल्याएका लुगाफाटाहरु लगाउन अचेलका युवायुवतीहरुले लाज मान्ने गर्दछन् र आफूले यी कुराहरु प्रयोग गरेमा पाखे भइन्छ भन्ने जस्ता कुराहरु उनीहरु ठान्दछन् । अचेल जीनका जकेट,पाइन्ट,पालीवाला टोपी,अरु विविध कुराहरु प्रयोग गर्दछन् । त्यसकारण यिनीहरुले पनि आधुनिकताको नाममा विदेशी संस्कृतिलाई ग्रहण गरेका छन् ।

यस्तो कारणले जातीय अस्तित्व नै गुम्ने डर हुन्छ । त्यसकारण आफ्नो पनलाई भुल्नु हुँदैन ।

पुन मगर समुदायमा कुल देवतालाई करपाके बाबा भनिन्छ । यो पूजा प्रत्येक ३ वर्षमा एक पल्ट गर्दछन् । पूजा गर्नुभन्दा अगाडि समयको ख्याल गरी कोदाको जाँड राख्नु पर्दछ । जाँड राख्दा घरको मुलीले पँधेरामा गई नुहाईधुवाई गरी चोखो पानी ल्याई लिपपोत गरी दैलो थुनी सुनसानमा नबोलीकन राख्नुपर्दछ । जाँड राख्दा परपाउना कति आमन्त्रण गरिन्छ, सोही प्रकारले घरको मूल स्त्रीले विचार गरेर राख्नुपर्दछ, कुल देवताको पूजाको दिनमा सो राखेको जाँडमात्रै खाने चलन छ  तर आजकल पूजा गर्दा विकृति बढेको पाइन्छ । पूजाको दिनमा प्रशस्तै शिलबन्दी वियर,हुस्की,कोकाकोला,फेन्टा आदिको प्रयोग गर्ने गरेको पाइन्छ । यस्ता कुराले आर्थिक व्ययभर बढाइएको छ ।

त्यसकारण पुन मगर समुदायको संस्कार र संस्कृतिलाई पाखा लगाई बढी नचाहिदो क्रियाकलापमा लागियो भने आफ्नो संस्कृति लोप हुन सक्छ ।

यस समुदायको काज क्रियामा नून खान नहुने शाकाहारी भोजन तथा रोटी फलफूल मह,घ्यु हालेको भात पकाई खानुपर्दछ । अत्यन्त होशियारीका साथ ३ दिनसम्म वा १३ दिनसम्म काजक्रिया गरिन्छ । नजिकका भाइखलक जम्मा भई सबैले दुःख परेको बेलामा आ आफ्नो हैसियतले सहयोग गर्दछन् । यो राम्रो पक्ष हो । यसलाई यथावत कायम राख्नु उनीहरुको कर्तव्य देखिन आउँछ ।

पुन मगर समुदायका सीप कलामा अत्यन्त धनी समुदाय हो उनीहरु आफूअनूकुल हुन अनेकौ चीज वस्तु आफैं निर्माण गर्दछन् । जस्तै : खुर्पेटो,जाँतो,चकटी,रुमालमा बुटा भर्ने,डोको आदि कुराहरु बूढापाकाहरुले अझै पनि संरक्षण गरेका छन् । हिजोआजका युवायुवतीहरुले भने यस्ता कार्यहरुका तर्फ पटक्कै ध्यान दिएको पाइँदैन । हिजोआज प्लाष्टिकका भाडावर्तन परम्परागत भाडावर्तनभन्दा प्रयोग गर्न सजिलो र सजिलै पाउने हुनाले युवायुवतीहरु यस्ता भाडावर्तनतर्फ आकर्षित भएको पाइन्छ । जुन परम्परागत भाडा बनाउने सीपकला विस्तारै लोप भएको पाइन्छ । यस्ता सीपहरुलाई लोप हुन नदिन सरोकारवालाहरुले बेलैमा ध्यान दिनुपर्दछ ।

पुन मगर समुदायले आफ्नो जनजीवनमा आवश्यक पर्ने कतिपय सामाग्रीहरु आफ्नै स्थानीय स्रोत साधनले भ्याएसम्म बनाउँदै आफ्नो जनजीवनका विशेष पर्व पूजा पाठ, नाचगान,भोज भतेरमा प्रयोग गर्न मिलेअनुसारको विभिन्न सामाग्री आफूभित्र रहेको सीप प्रयोग गर्दै आफ्नो मौलिक परम्परा सभ्यता र पहिचानलाई यथावत् कायम राख्नुपर्दछ । आजभोलि केही उद्योग धन्दा खुलेको र विदेशी सामानको आयात गर्ने प्रवृत्तिले गाउँघरको मौलिक सामाग्री बनाउने क्रम हट्दै गएको छ । त्यसकारण सामुदायिक पहिचानका लागि यस्ता चिजहरु लोप हुन दिनुहुँदैन ।

गाउँघर नै हाम्रा संस्कृति संरक्षणको मूल थलो हो तर हिजोआज त्यही स्थानतिर लाग्ने मेलाहरुमा आधुनिकीकरण भएर हिन्दी चलचित्रका गीत संगीत बजाउने प्रवृत्तिले गाउँको मौलिक पन विस्तारै लोप हुँदै गएको छ । यसमा यानीमाया सुनीमाया,शिरफूले जस्ता लोक भाकाहरुका संगीतहरु बजाउनु पर्दछ । विदेशमा लाहुरे हुने प्रवृत्तिले स्वदेश फर्केपछि आफ्नो संस्कृतिप्रति रुचि नदेखाएको कारण अर्काको संस्कृतिले फल्ने फुल्ने मौका पाउँछ । यसकारण विदेश गएका दाजुभाइहरुले यहाँ फर्केपछि आफ्नो समुदायले गरेका सबै संस्कृति ग्रहण गर्दै जानुपर्दछ । यसो गरेमा पुन मगर समुदायको संस्कार संस्कृति लोप हुनबाट जोगाउन सकिन्छ ।

# अध्याय सात

# सारांश र निष्कर्ष

## ७.१ सारांश

यो अध्ययन विशुद्ध लेखनाथ नगरपालिका ढुङ्गेपाटनमा रहेका मगर समुदायहरुको संस्कारसँग सम्बन्धित रहेको छ । यस अध्ययनका मुख्य उद्देश्य मगर समुदायमा रहेका संस्कारहरुको जानकारी प्राप्त गर्ने रहेको छ । साथै अध्ययनको विशेष उद्देश्य ढुङ्गेपाटनमा रहेका मगर समुदायले आफ्नो मौलिक थलोबाट बसाइ सराइ गरेर आएपछि आफ्नो संस्कार संस्कृतिलाई कसरी निरन्तरता दिइरहेका छन् साथै उनीहरुको लोप हुन लागेका संस्कारलाई कसरी जोगाउनु पर्दछ भन्ने कुरासँग सम्बन्धित रहेको छ ।

यस अध्ययनका लागि लेखनाथ नगरपालिका ढुङ्गेपाटन वडा नं. १२ लाई छनोट गरिएको छ । यो अध्यय क्षेत्रमा रहेका मगर समुदायको संस्कारको आफ्नै विशेषता छ । यस अध्ययनले माथि उल्लेखित उद्देश्यहरुलाई पूरा गर्नका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने मैले आशा गरेको छु । यो अध्ययन विश्लेषणात्मक र विवरणात्मक ढंगबाट प्रस्तुत गरिएको छ । यस अध्ययनका लागि ढुङ्गेपाटनमा रहेका १५० घरहरुमध्ये ५० घरलाई गोला प्रथा विधिबाट छनौट गरी विभिन्न सुझावहरु संकलन गरिएको छ । यस अध्ययनका लागि प्राथमिक तथ्यांक संकलनका लागि प्रश्नावली अनुसूची,क्षेत्र अवलोकन तथा जानकारी व्यक्तिसँगको छलफल जस्ता औजार ठीक प्रयोग गरिएको छ । नगरपालिकाबाट प्राप्त तथ्यांक र अघिल्ला अध्ययनबाट प्राप्त तथ्यांकलाई द्वितीय स्रोतका रुपमा प्रस्तुत गरिएको छ । यस अध्ययनका क्रममा वर्णनात्मक र विश्लेषणात्मक तरिकाबाट वर्णन गर्नका लागि दुवै स्रोतबाट प्राप्त तथ्यांकको प्रयोग गरिएको छ ।

कुनै व्यक्तिले आफ्नो समुदायमा अपनाउने मूल्य मान्यता संस्कारलाई संस्कृति भनिन्छ । संस्कृति मानिसमा रहेको रचनात्मक क्षमताका आधारमा फरक फरक अवस्थामा पाइन्छ । पुन मगर समाजमा विभिन्न गीतहरुको आफ्नो स्थान रहेको पाइन्छ । यी समुदायले आफ्नो समुदायमा गाइने गीतहरु विभिन्न भाकामा र परिवेशअनुसार फरक फरक हुन्छन् । यस समाजमा रहेका भाकाहरुमध्ये सोरठी,पुर्ख्यौली गीत आशिर्वाद दिने गीत,यानीमाया,शिरफुले माया, सालेजोको महत्वपूर्ण स्थान रहेको छ । आफ्नो मौलिक

थलालाई छाडी बसाइसराइ गर्दै जाने प्रचलनले गर्दा हाल रहेका सस्थानमा मगर समुदायले आफ्ना पुर्ख्यौली केही भाकाबाहेक अन्य लाई छाडी सकेको पाइन्छ । यसमध्ये सबैजना बढी चलन चल्तीमा रहेका गीतमा शिरफुले माया,यानीमाया र सोरठी रहेका छन् । जसमा ढुङ्गेपाटनमा रहेका पुन मगरमध्ये यी भाकालाई निरन्तरता दिनेको संख्या क्रमश : ४०, ३० र २८ घर रहेको पाइयो ।

मगर समुदायले आफ्नो सीप र कलाका आधारमा आफ्नै दैनिक जीवनलाई चलाउने परम्परा रहेको पाइन्छ । विशेषत : उनीहरुको दैनिक जीवनबाट बनेका सामानको प्रयोग गर्ने गर्दछन् । यस्ता सामाग्री बनाउने क्रम पनि विस्तारै हराउँदै गएको पाइन्छ तर केही सामानहरुको प्रचलन भने अझैसम्म पनि कायमै रहेको पाइन्छ जस्तै गुन्द्री,डोको,चकटी,हलो,चुल्हा आदि प्रमुख छन् । ढुङ्गेपाटनमा रहेका मगर समुदायले आफ्नै परम्परागत भेषभूषालाई कमैमात्र निरन्तरता दिइएको पाइन्छ । आफ्ना समाजमा आफ्ना परम्परागत भेषभूषालाई मन पराउने संख्या भन्दा मन नपराउने संख्या बढी रहेको पाइयो । यहाँका मगर समाजमा मगर भाषाको निकै कम मात्रामा प्रयोग भएको पाइन्छ । मगर समुदायले मान्ने धर्म हिन्दू र बौद्ध धर्मको स्थान उच्च रहेको देखिन्छ । शहरी तर्फको आकर्षण र आम्दानीको कारणले गर्दा परम्परागत खानपानलाई छाडेर आधुनिक खानपान तर्फ यहाँका मगर समुदायहरु आकर्षित रहेको पाइन्छ तर पनि गुन्द्रुक र ढिडोको चलन कायमै रहेको पाइन्छ ।

पुन मगर समाजमा रहेका परम्परागत रुपमा चल्दै आएका संस्कारको महत्वपूर्ण स्थान रहेको हुन्छ । यी जातिमा रहेका विभिन्न पूजा र चाल चलनमध्ये वराह पूजा,वायु पूजा,चौतारी पूजा प्रमुख रहेका छन् । छनोट भएका उत्तरदाताहरुमध्ये आफ्नो संस्कारलाई निरन्तरता दिनेको संख्या २८ निरन्तरता नदिने संख्या २२ रहेको छ ।

पुन मगर समाजमा मनाउँदै आएका प्रमुख चाडपर्वहरु माघेसंक्रान्ति,कुल पूजा, भुमे पूजा,थान उठाउने प्रमुख रहेका छन् । ढुङ्गेपाटनका मगर समुदायका सबै भन्दा बढी चलनमा रहेको कुल पूजा बाहेक अरु पूजा तथा चाडलाई मान्नेको संख्या कम देखिन्छ ।

पुन मगर समुदायमा जन्मदेखि मृत्युसम्म विभिन्न संस्कारहरु मान्दै आएको पाइन्छ । यिनीहरुको समुदायमा रहेका प्रमुख संस्कार छैंठी,न्वारन,छेवर पास,विवाह,पारपाचुके,चौरासी

पूजा र मृत्यु संस्कार प्रमुख रहेका छन् । ढुङ्गेपाटनका मगर समाजमा छैठी न्वारन छेवारपास र मृत्यु संस्कार बाहेक अन्य संस्कार लोप हुदै जाने अवस्थामा रहेको देखिन्छ ।

आफ्नो समुदायमा पुराना परम्पराले विशेष स्थान रहे पनि मौलिक थलो छाडी बसाइ सराइ गरी अन्यत्रै जाने प्रचलन र रोजगारीका कारण विदेश जाने चलन यहाँका मगर समाजमा बढ्दै गएकोले मगर समुदायमा विभिन्न संस्कारहरु हराउँदै गएको पाइन्छ । विशेषत : ढुङ्गेपाटनमा रहेका मगर समुदायमा लोप हुने अवस्थामा वैवाहिक परम्परा,परम्परागत भेषभूषा,पुराना भाकाहरु,आफ्नै ज्ञान र सीप बनाउने सामान र खानपानलाई धेरै व्यक्तिले निरन्तरता नदिने अवस्थामा रहेको पाइन्छ ।

## ७.२ निष्कर्ष

मगर समुदाय नेपालको कालीगण्डकीको पश्चिमदेखि लिएर बर्दियाको माथिल्लो भागको पहाडदेखि हुम्लाजुम्लासम्म  पुगेको देखिन्छ । यिनीहरु गोरो रातो वर्ण,मझौला कद कसिलो शरीर,चिम्सा आँखा,थेप्चो नाक भएका सरल स्वभाव र इमान्दारिता भएका सोझा देखिन्छन् । आफ्नो समुदायसँग व्यवहार गर्नु, आफ्नै ढाँचाको पहिरन गर्नु,खानेकुरामा सरलता देखिनु यहाँका पुन संस्कारका विशेषता हुन् । खानामा पहिला मकै,कोदो,गहुँ,जौ,उवा खान्थे भने अचेल भात, मासु, दाल, रोटी अचार खाने गर्दछन् । दैनिक जीवनमा पहिला काठबाट निर्मित सामानहरु ठेकी, आँसी, खुर्पेटो, हलो, जुवा प्रयोग गर्दथे भने यहाँ बसोबास गर्ने पु मगरहरुले प्राय : फलामको हलो, ट्याक्टरबाट जोत्ने धातुजन्य सामानको प्रयोग बढी गरेको देखिन्छ । यिनीहरु हिन्दू तथा बौद्धमार्गी भएकाले महादेव, गणेश तथा सरस्वती, बुद्ध तथा प्राकृतिक पूजक पनि भएको देखियो  साथै वन देवता, नदी, खोला, देवी, वायु पूजा पनि गर्ने, घरमा भीमसेन देवता आदि मान्ने गर्दछन् । चाडपर्वमा दशैं, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, फागुपूर्णिमा, भूमे पूजा, कुल देवता प्रमुख छन् । शुभकार्यमा नाचगान गरिन्छ । ग्राम संस्कारका रुपमा पानी डाक्ने, असिना तर्काउने, लामा झाँक्री राख्ने चलन पनि छ । समयअनुसार खेतीपाती तथा तरकारी वालीहरु लगाउने आपत् विपत्मा यस्ता स्थानमा गई पूजा आजा गर्नाले यिनीहरुलाई अनिष्ट नहुने विश्वास रहेको छ । यवाहरु धेरै विदेश गएका पाइन्छन् । मगर समाज परापूर्वकालमा संयुक्त परिवारमा थिए तर हिजोआज एकात्मक परिवारमा रुपान्तरित भएको देखिन्छ । मगर परिवारका महिलाहरु घरमा बसी खेतीपाती गर्ने, रुमालमा बुट्टा भर्ने, तान बुन्ने, कुखुरा पाल्ने तथा अन्य घरका काम गरी घरमा नै बस्दछन् । पुन समुदायमा श्रम विभाजनका साथै श्रम विनिमय व्यवस्थाले गर्दा एक अर्कामा काम गर्दा सहयोग गर्ने भावनाको विकास गराएको पाइन्छ  तर विस्तारै यस प्रक्रियामा पनि ह्रास आएको छ, किनभने यस समुदायमा बच्चाको जन्म हुने कार्य सुखद लक्षण मानिन्छ । यिनीहरु बच्चा जन्मेको ११ दिनमा न्वारन गर्दछन्, नाम राख्दछन् । नामकरण साइत हेरेर गर्ने चलन छ । पास्नी संस्कार छोरी भए ५ महिना छोरा भए ६ महिनामा गर्दछन् । छेवारपास बिजोर महिनामा जस्तै : ३, ५, ७, ११ वर्षभित्र गर्दछन् यसमा भोज भतेर गर्दछन् । यस दिनमा बच्चालाई नयाँ वस्त्र लगाइदिन्छन् । यसरी कपडा पहिराइदिनुलाई फूटमरा भन्ने चलन छ । छोरीलाई भने त्यही विजोर वर्षमा नै गुन्यु चोलो दिई मीठा मीठा खाद्य वस्तुहरु खुवाइन्छ । विवाह गर्दा प्रेम विवाह र मागी विवाह नै प्रचलन

छ । मगर समुदायमा फुपू चेला मामा चेली बीचमा विवाह हुन्छ, विवाह दिन र रात जुनसुकै बेलामा पनि हुनसक्छ । मृत्यु संस्कारमा कुटुम्बको ठूलो हात हुन्छ । दाजुभाइ कुटुम्बलाई ३ देखि १३ दिनसम्म जुठो लाग्छ । ३ औं वा १३ औं दिनमा आफूले सके जति दान गरी दाजुभाइ कुटुम्ब तथा सबै गाउँलेलाई खाना खुवाउने चलन छ । कसै कसैले वर्ष दिनमा श्राद्ध पनि गर्दछन् । यसरी पुन मगर समुदायमा सम्पन्न गरिने हरेक संस्कारहरु रितिरिवाजमा कुटुम्बको ठूलो हात हुन्छ ।

## सन्दर्भसामाग्री


आचार्य,जगदिश(२०५७) : **शिख गा. वि.स .को भिलेज प्रोफाइल** म्याग्दी प्रकाशन

केन्द्रिय तथ्याङ्क विभाग (२०६८) : **पुन मगरको संस्कार र चाडपर्व**,काठमाडौं :सुजल अफसेट काठमाडौं

खत्री प्रेम(२०५८) : **नेपालको संस्कृति र सभ्यता, काठमाण्डौ** : मित्र छापाखाना

थापा,खिलध्वज (२०१९) : **मगर समुदाय एवं ऐतिहासिक रुपरेखा**

बराल मगर, केशरजङ्ग (२०६८) : **पाल्पा, स्याङ्जा र तनहूँका मगरहरुको संस्कार,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

विष्ट , डोरबहादुर (१९६९) : **पिपल अफ नेपाल,**रत्न पुस्तक भण्डार , काठमाडौं

विष्ट, डोरबहादुर (२०३०) : **सबै जातको फूलबारी,** साझा प्रकाशन, काठमाडौं

शर्मा, नगेन्द्र(२०६९) : **हाम्रो समाज एक अध्ययन,** काठमाडौं : साझा प्रकाशन ।

पूर्जा पून, यामबहादुर(२०७३/०७४) : **करपाके बाबाको ओखा र विविध पूजा,** नगर योजना, लेखनाथ

## प्रश्नावली

लेखनाथ नगरपालिका वडा नं. १२ ढुङ्गेपाटनमा बसोबास गर्ने पुन मगर समुदायसँग तथ्यांक सङ्कलन गर्न तयार पारिएका प्रश्नावली ।

१. सूचनादाताको

नाम : पेशा :

लिङ्ग : वैवाहिक स्थिति :

धर्म : टोल :

परिवार सङ्ख्या :

उमेर :

२. पारिवारिक विवरण

| सि.नं. | नाम | सूचनादाता सँगको सम्वन्ध | उमेर | लिङ्ग | शिक्षा | धर्म | पेशा | वैवाहिक स्थिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३. तपाईको पुर्ख्यौली थलो कहाँ होला ?

..............................................

४. यस ठाउँमा कहिलेदेखि बसोबास गर्दै आउनु भएको होला ?

................................................................................

५. तपाईका मुख्य थलो ग्राम संस्कार के के गर्नुहुन्थ्यो ?

६.तपाइले आफ्नो ग्राम संस्कारमा निरन्तरता दिनुभएको छ ?

क.छ ख.छैन

७. तपाईको मुख्य चाडपर्वहरु के के हुन् ?

..............................................................

८. चाडपर्व मनाउँदा के के खानेकुराको प्रयोग गर्नुहुन्छ ?

..........................................................................

९. तपाईहरुको चाडपर्वमा प्राय गरेर रक्सी जाँडको प्रयोग गर्नुहुन्छ ? यदि गर्नुहुन्न भने किन ?

.....................................................................................................................

१०. तपाईहरुको बच्चा जन्मेपछि कति दिनमा न्वारन गर्नुहुन्छ ?

....................................................................................

११. तपाईहरुको कोबाट बच्चाको न्वारन गराउनुहुन्छ ?

क.धामी झाँक्री ख.बाहुन

ग. कुटुम्बघ. जैसी ङ.घरमुलीबाट

१२. न्वारन संस्कारमा पहिलैको संस्कारलाई निरन्तरता दिनुभएको छ कि परिवर्तन गर्नुभएको छ ?

क. छ                    ख.छैन

३ तपाइहरुको विवाह गर्दा मुख्य कुन विवाह प्रचलनमा छ ?

क.मागी विवाह                    ख.चोरी विवाह

ग.प्रेम विवाह                    घ.विधवा विवाह

ङ.जारी विवाह                    च.भाइबुहारी विवाह

१४. विवाहमा दुलहीले लगाउने पोशाकहरु के के हुन् ?

...................................................................

१५. विवाहमा दुलाहाले लगाउने पोशाकहरु के के हुन् ?

.......................................................................

१६. मागी विवाह गर्दा के के गर्नुहुन्छ र कुन कुन सामाग्रीहरु त्यसबेला प्रयोग गर्नुहुन्छ ?

.........................................................................................................

१७. तपाईहरु पास्नी(भातखुलाइ) वा छेवार गर्नुहुन्छ या गर्नुहुँदैन ? यदि गर्नुहुन्छ भने कुन समयमा गर्नुहुन्छ ?

..............................................................................................

१८. तपाईहरुको विवाहमा केटा पक्षका माग्न जानुहुन्छ कि केटी पक्षका जानुहुन्छ ?

..........................................................................................

१९. तपाईहरुको छोरालाई छेवर कर्म गर्नुहुन्छ भने छोरीलाई कुन कर्म गराउनु हुन्छ ?

....................................................................................................................

२०. तपाईका कुल पूजामा कुललाई केको बली चढाउनुहुन्छ ?

क.राँगो　　　　　　　　　　ख.कुखुराको भाले

ग.भेडाको साँढ　　　　　　　घ.बोका

२१.तपाईहरुको मृत्यु संस्कारमा मरेको शव जलाउनु हुन्छ कि गाड्नु हुन्छ ?

..........................................................................................

२२. तपाईहरुको मृतकका लागि दाहसंस्कार गर्ने बेलामा चाहिने सामाग्रीहरु के के हुन् ?

.............................................................................................

२३. घाटमा लानुअघि घरमा मृतकको पूजा गर्ने विधि के के छन् ?

........................................................................................

२४. घाटमा पुगेपछि के के गर्नुहुन्छ ?

....................................................

२५. चिताबाट फर्कदा तपाईहरु के के गर्नुहुन्छ ?

..............................................................

२६. काजकिरिया कति दिनसम्म गरिन्छ ?

.................................................

२७. मृतकको कोही पनि नजिकको आफन्त छैन भने के गर्नुहुन्छ ?

.................................................................................

२८. तपाईहरुको कुटुम्ब दानको कार्य प्रक्रिया के के हुन् ?

......................................................................

२९. तपाईहरुको काज किरिया गर्दा ब्राम्हणलाई बोलाउनु हुन्छ वा आफ्नो पुरेत वा झाँक्रीलाई बोलाउनुहुन्छ ?

क.ब्राम्हण ख.आफ्नै पुरेत वा झाँक्री ग.कुटुम्बबाट

३०. तपाईहरुको काजकिरिया गर्दा के के खानेकुरा प्रयोग गर्नुहुन्छ ?

......................................................................

३१. बिरामी पर्दा के गर्नुहुन्छ ?

क.धामी झाँक्री ख.फूँ फा अस्पतालमा लैजाने

३२. तपाईको समुदायमा केटी फाल्ने भनेको के हो र हाल यस विधिमा के परिवर्तन आएको छ ?

................................................................................................

३३. तपाईको समुदायमा केटा फाल्ने चलन छ वा छैन ?

..........................................................................

३४. तपाईहरुको कुलदेवतालाई के भनिन्छ ?

.........................................................

३५. तपाईहरु कुल पूजा गर्दा के के सामाग्री प्रयोग गर्नुहुन्छ ?

...............................................................

३६. तपाईहरुको पहिलेको भेषभूषा र अहिलेको भेषभूषामा के फरक छ ?

क.पहिलेको-

ख.अहिलेको-

३७. मगर समुदायहरुका गीतहरु के के हुन् ?

क.सालैजो	ख.शिरफूले

ग.यानीमाया	घ.सोरठी

ङ.मारुनी नाच	च.माथिका सबै

३८. पुर्ख्यौली गीतहरुमा परिवर्तन आउनुका कारण के होला ?

क.आधुनिकता	ख.आफ्नो पनलाई भुल्ने

ग.पश्चिमीकरण	घ.हिन्दूकरण

३९. तपाईहरुको परम्परागत सीप र कला के के छन् ?

क.जातो	ख.खुर्पेटो

ग.चकटी	घ.रुमालमा बुट्टा भर्ने

ङ.माथिका सबै

४०. तपाईहरुको आफ्नो पहिचान खाम भाषा लोप हुनाका कारणहरु के के हुन् ?

क.एकात्मक राज्य व्यवस्थाका कारणले

ख.पर्वतका मल्ल राजाले दण्डको व्यवस्था गरेकाले

ग.स्वत : लोप भएकाले

४१. तपाईहरुको समुदायमा परम्परागत खानाका परिकारहरु के के छन् ?

क.ढेंडो	ख.सिस्नु फापर/कोदाको रोटी

ग.सिन्की/गुन्द्रुक	घ.माथिका सबै

४२.तपाईहरुको भूमे पूजा गर्दा के के गर्नुहुन्छ ?

..............................................

४३. के तपाईहरु रक्षावन्धन चाड पनि मनाउनहुन्छ ?

क.मनाउछौं ख.मनाउदैनौं

४४. मगर समुदायको जातीय उत्थान गर्न के के आवश्यकता पर्दछ ?

क.शिक्षा दीक्षा दिएर ख.आफ्नो संस्कार संस्कृतिको जगेर्ना गरेर

ग.उनीहरुलाई सशक्तीकरणमा आयाममा सरिक गराएर

४५. तपाईहरुको मुख्य धर्म कुन हो ?

क.प्राकृतिक पूजक ख.हिन्दू धर्म

ग.बौद्ध धर्म घ.क्रिस्चियन

४६. तपाईहरुको बालबच्चाको नाक कान छेड्ने काम कुन समयमा गर्नुहुन्छ ?

..............................................................................................

४७. तपाईको समुदायमा टीका लगाउँदा दिने आशिषको नमूना भन्न सक्नुहुन्छ ?

...................................................................................................